# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असोज १५ गते २०५८ साल (संख्या २४


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

#### आर्थिक प्रशासन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५८

आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "आर्थिक प्रशासन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम २ मा संशोधन : आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को, -

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) "सिलबन्दी दरभाउपत्र" भन्नाले कार्यालयको माग अनुसार कुनै मालसामान वा सेवा उपलब्ध गराउने सम्बन्धमा इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले खामबन्दीमा लाहाछाप लगाई पेश गरेको दर रेट सहितको विवरण सम्झनु पर्छ ।"

(२) खण्ड (म) पछि देहायका खण्ड (य), (र), (ल), र (व) थपिएका छन् :-

"(य) "सोझै भुक्तानी" भन्नाले विशेष इम्प्रेस्ट खातामा रहेको रकमबाट खर्च गरि बाहेक सम्बन्धित आयोजना कार्यालयको माग अनुसार दातृ पक्षबाटै स

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फर्म, कम्पनी, संस्था वा आपूर्तिकर्तालाई सञ्चित कोषको प्रक्रियाबाट भुक्तानी नदिई सोझै भुक्तानी दिने वा दातृ पक्षले सोझै भुक्तानी गर्ने प्रकिया सम्झनु पर्छ ।

(र) "शीर्षक" भन्नाले व्यय अनुमानको विवरण पुस्तिकामा उल्लेख हुने अनुदान संख्या सम्झनु पर्छ ।

(ल) "उपशीर्षक" भन्नाले व्यय अनुमानको विवरण पुस्तिकामा उल्लेख हुने उपशीर्षक सङ्केत संख्या सम्झनु पर्छ ।

(व) "खर्च शीर्षक" भन्नाले व्यय अनुमानको रकमगत विवरणको शीर्षकहरुको वर्गीकरण सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएकोछ :-

"७ निकासा रकमको खाता सञ्चालन : नियम ५ बमोजिम निकासा भएको रकम जम्मा भएको कार्यालयको नामको खाता कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ । आर्थिक प्रशासन शाखाको दरबन्दी रिक्त भएको वा दरबन्दी नरहेको अवस्थामा कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकिदिएको लेखा समूहको कर्मचारी र कार्यालय प्रमुखको संयुक्त दस्तखतबाट त्यस्तो खाताको सञ्चालन गर्नु पर्नेछ । कोष तथा लेखा नियन्त्रक कार्यालयले लेखा समूहको कर्मचारी उपलब्ध गराउन नसकेको अवस्थामा कार्यालय प्रमुखले तोकेको कर्मचारी र कार्यालय प्रमुखको संयुक्त दस्तखतबाट त्यस्तो खाताको सञ्चालन गर्नु पर्नेछ ।"

४. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को उपनियम (१) मा रहेका "महालेखा नियन्त्रक कार्यालयले तोकिदिए अनुसारको" भन्ने शब्दहरु झिकिएका छन् ।

५. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ मा रहेको "पेश" भन्ने शब्द अगाडि "मासिक रुपमा" भन्ने शब्दहरु थपिएका छन् ।

६. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० को,-

(१) उपनियम (१) मा रहेको "आगामी" भन्ने शब्द अगाडि "आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सोको आधारमा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) श्री ५ को सरकारले राष्ट्रिय योजना आयोगको सिफारिसमा बहुवर्षिय आयोजना तोकी बजेट विनियोजन गर्न सक्नेछ । बहुवर्षिय आयोजना बाहेक अन्य आयोजना तथा कार्यक्रमको लागि राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमको सम्बन्धमा प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गरी उपनियम (१) बमोजिमको परिपत्र हुनु अगावै सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयलाई आवश्यक मार्गदर्शन उपलब्ध गराउनु प

...र नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को उपनियम (२) मा रहेको ...ालयले तोकेको समय र ढाँचा बमोजिमको फारमहरुको अतिरिक्त अनुसूची-३ बमोजिमको ढाँचामा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वार्षिक कार्यक्रम समेत तयार गरी अर्थ मन्त्रालयबाट" भन्ने वाक्यांशको सट्टा "बजेट दिग्दर्शन र अर्थ मन्त्रालयको परिपत्रको अतिरिक्ति अनुसूची-३ बमोजिमको ढाँचामा वार्षिक कार्यक्रम समेत तयार गरी बजेट दिग्दर्शनमा" भन्ने वाक्यांश राखिएकोछ ।

८. मूल नियमावलीको नियम २४ मा संशोधन : मूल नियमावलीको नियम २४ को,-

(१) उपनियम (१) झिकिएकोछ ।

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम निर्धारण गरिएको" भन्ने शब्दहरुको सट्टा "कार्यालयको उद्देश्य," भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएकोछ :-

"(५) कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी कार्यालयले राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ ।"

९. मूल नियमावलीको नियम २५ मा संशोधन : मूल नियमावलीको नियम २५ को उपनियम (५) पछि देहायका उपनियम (६) र (७) थपिएका छन् :-

"(६) तालुक कार्यालयले बजेट शीर्षक, उप शीर्षकको आधारमा चौमासिक प्रगति विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ । सो चौमासिक प्रगति विवरणको आधारमा अर्थ मन्त्रालयले वार्षिक बजेटको मध्यावधि मूल्याङ्कन गरी प्रतिवेदन प्रकाशन गर्नेछ ।

(७) प्राथमिकता प्राप्त आयोजना र बहुवर्षिय आयोजनाको हकमा मासिक रुपमा प्रगति विवरण अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम ३१ मा संशोधन : मूल नियमावलीको नियम ३१ को उपनियम (२) मा रहेका "मातहत विभाग तथा कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुखलाई" भन्ने शब्दहरु राखिएका छन् र सोही उपनियममा रहेको "समक्ष" भन्ने शब्दको सट्टा "लाई" भन्ने शब्द राखिएको छ ।

११. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ मा रहेका "पेश्की खर्च ऐन पारित" भन्ने शब्दहरु को सट्टा "पेश्की खर्च ऐन वा विनियोजन ऐन लागू " भन्ने शब्दहरु र सोही उपनियममा रहेका "सालबसाली विनियोजन ऐन पारित भएपछि पेश्कीको रुपमा निकासा दिएको रकम" भन्ने शब्दहरुको सट्टा" पेश्की खर्च ऐन अन्तर्गत निकासा भएको रकम विनियोजन ऐन लागू भएपछि" भन्ने शब्दहरु राखिएका छन् ।

१२. मूल नियमावलीको नियम ३४ मा संशोधन : मूल नियमावलीको नियम ३४ को,-

(१) उपनियम (२) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खण्ड (क) मा रहेका "रकम नम्बर" भन्ने शब्दहरुको सट्टा "खर्च शीर्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (घ) मा रहेका "वा शोधभर्ना माग गर्ने व्यवस्था भैसकेको छ भने" भन्ने शब्दहरुको सट्टा "वा सम्झौता प्रभावकारी भएको छ भने" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) मा रहेको "विनियोजित" भन्ने शब्द पछि "एक समूहको खर्च शीर्षकको" भन्ने शब्दहरु थपिएका छन् र सोही उपनियममा रहेका "अन्य बजेट रकम नम्बरको" भन्ने शब्दहरुको सट्टा "अर्को समूहको खर्च शीर्षकको" भन्ने शब्दहरु राखिएका छन् ।

१३. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को,-

(१) उपनियम (१) मा रहेका "स्वीकृत बजेट रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट" भन्ने शब्दहरुको सट्टा "नियम ३१ बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएकोछ :-

"(३) यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्नेछ । बील भरपाई आउन नसक्ने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नु पर्नेछ ।"

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "बील भरपाई आउन नसक्ने काममा भएको फुटकर खर्च" भन्नाले एक पटकमा दुईसय रुपैयाँभन्दा कम्ती रकमको ट्याक्सी, रिक्सा भाडा, कुल्ली खर्च र दक्षिणा आदिमा भएको खर्च सम्झनु पर्छ ।

(३) उपनियम (७) झिकिएको छ ।

१४. मूल नियमावलीको नियम ३६ मा संशोधन : मूल नियमावलीको नियम ३६ को उपनियम (२) को खण्ड (ङ) मा रहेका "पूर्व लेखा परीक्षण" भन्ने शब्दहरुको सट्टा "अन्तिम लेखा परीक्षण नभएको अवस्थामा पनि" भन्ने शब्दहरु राखिएका छन् ।

१५. मूल नियमावलीको नियम ३७ मा संशोधन : मूल नियमावलीको नियम ३७ को उपनियम (३) मा देहायको स्पष्टीकरण थपिएकोछ :-

"स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "परिस्थितिवश" भन्नाले तत्काल खर्च नगर्दा सरकारी हानी नोक्सानी हुने, बढी दस्तुर तिर्नु पर्ने, ठूलो आर्थिक व्यय भार व्यहोर्नु पर्ने जस्ता अवस्था सम्झनु पर्छ ।"

१६. मूल नियमावलीको नियम ३८ मा संशोधन : मूल नियमावलीको नियम ३८ मा रहेका "स्वीकृत बजेटमा" भन्ने शब्दहरु अगाडी "सञ्चित कोष माथि व्यय भार हुने रकम बाहेक" भन्ने शब्दहरु थपिएका छन् ।

१७. मूल नियमावलीको नियम ३९ मा संशोधन : मूल नियमावलीको नियम ३९ को,-

(१) उपनियम (२) मा रहेका "रकममा बाहेक अन्य रकममा" भन्ने शब्दहरुको सट्टा "खर्च शीर्षकमा बाहेक अन्य खर्च शीर्षकहरुमा" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (३) को ठाउँ ठाउँमा रहेका "बजेट रकम नम्बर" भन्ने शब्दहरुको सट्टा "खर्च शीर्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (४) मा रहेका "जिल्लामा प्राप्त बजेटको अख्तियारीको" भन्ने शब्दहरुको सट्टा "रकमान्तर गरिने बजेट उपशीर्षकको" भन्ने शब्दहरु र सोही उपनियमको ठाउँ ठाउँमा रहेका "रकम नम्बर" भन्ने शब्दहरुको सट्टा "खर्च शीर्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (६) मा रहेको "विभागलाई" भन्ने शब्द पछि "रकमान्तर गरेको सात दिन भित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपनियम (७) मा रहेको "परिस्थितिवश" भन्ने शब्द पछि "उपनियम (८) मा उल्लिखित खर्च शीर्षकहरुमा" भन्ने शब्दहरु राखिएका छन् ।

(६) उपनियम (८) को खण्ड (ग), (घ) र (च) झिकिएका छन् ।

१८. मूल नियमावलीको नियम ४१ मा संशोधन : मूल नियमावलीको नियम ४१ को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "समावेश भएको" भन्ने शब्दहरुको सट्टा "वृद्धि हुने" भन्ने शब्दहरु राखिएका छन् ।

१९. मूल नियमावलीको नियम ४७ मा संशोधन : मूल नियमावलीको नियम ४७ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये पुरानो मालसामानको मूल्य कारणवश खुल्न नसकेको अवस्थामा कार्यालय प्रमुखको अध्यक्षतामा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको प्राविधिक कर्मचारी भएको समितिले त्यस्तो मालसामानको अवस्था र प्रचलित बजार मूल्य समेत विचार गरी मूल्य कायम गरी राख्नु पर्नेछ ।"

२०. मूल नियमावलीको नियम ४८ मा संशोधन : मूल नियमावलीको नियम ४८ को,-

(१) उपनियम (१) मा रहेको "विवरण" भन्ने शब्द पछि "उपशीर्षक अनुसार" भन्ने शब्दहरु र सोही उपनियमको अन्त्यमा "यसरी उपलब्ध गराइने विवरणमा उपशीर्षक समेत खुलाउनु पर्नेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) मा रहेको "विवरण" भन्ने शब्द पछि "र" भन्ने शब्द थपिएको छ ।

२१. मूल नियमावलीको नियम ४९ मा संशोधन : मूल नियमावलीको नियम ४९ मा रहेको "कारण आर्थिक विवरणमा समावेश गर्न नमिलेमा वस्तुगत सहायताको अलग विवरण बनाई लेखा परीक्षण गराउनु पर्नेछ ।" भन्ने वाक्यांशको सट्टा "तर विशेष परिस्थितिमा प्राप्त भएका वस्तुगत सहायताको अलग विवरण बनाई एक प्रति महालेखा नियन्त्रक कार्यालय र एक प्रति महालेखा परीक्षकको विभागमा पठाई लेखा परीक्षण गराउनु पर्नेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

२२. मूल नियमावलीको नियम ५० मा संशोधन : मूल नियमावलीको नियम ५० को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति ता[illegible] कार्यालयमा पठाउनु पर्नेछ । तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिन[illegible]



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेतलाई विचार गरी र सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नु पर्ने मालसामान छ महिनाभित्र र मर्मत संभार गर्नु पर्ने भए तीन महिनाभित्र गरिसक्नु पर्नेछ। कार्यालयको आवश्यकताभन्दा बढी मालसामान खरिद गरी उपभोग नभई त्यसै रहेको भए तालुक कार्यालयमा प्रतिवेदन पेश गरी निर्देशन प्राप्त भए अनुसार हस्तान्तरण गरी आवश्यकताभन्दा बढी मालसामान खरिद गर्ने आदेश दिने उपर प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ।"

२३. मूल नियमावलीको नियम ५२ मा संशोधन : मूल नियमावलीको नियम ५२ को सट्टा देहायको नियम ५२ राखिएको छ :-

"५२ जिन्सी मालसामानको स्रेस्ता : जिन्सी मालसामानको स्रेस्ता महालेखा परीक्षकको विभागबाट स्वीकृत ढाँचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नु पर्नेछ।"

२४. मूल नियमावलीको नियम ५३ मा संशोधन : मूल नियमावलीको नियम ५३ को उपनियम (२) मा रहेका "खारेज भएमा वा गाभिएमा सो कार्यालय कायम रहेको दिनसम्मको" भन्ने शब्दहरुको सट्टा "खारेज वा गाभ्ने निर्णय भएमा यसरी निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने छ। उक्त अवधिभित्रमा " भन्ने शब्दहरु राखिएका छन्।

२५. मूल नियमावलीको नियम ५४ मा संशोधन : मूल नियमावलीको नियम ५४ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ:-

"(३) घरजग्गाको लगत अनुसूची-७क. मा उल्लेख भए बमोजिमको ढाँचामा राख्नु पर्नेछ।"

२६. मूल नियमावलीको नियम ५५ मा संशोधन : मूल नियमावलीको नियम ५५ को,-

(१) उपनियम (१) मा रहेका "राजस्व, धरौटी तथा अन्य रकमको लगत स्रेस्ता" भन्ने शब्दहरुको सट्टा "विनियोजित रकम, राजस्व, धरौटी, बेरुजु, अन्य रकमको लगत स्रेस्ता तथा सरकारी कागजात" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) को अन्त्यमा रहेको "र यसरी गरिएको कारबाहीमा निजले पछि कुनै किसिमको प्रतिवाद गर्न पाउने छैन" भन्ने वाक्यांश झिकिएको छ।

(३) उपनियम (४) मा रहेको " भएको नगदी, जिन्सी मालसामान जिम्मा लिने व्यक्तिसँग नगदी वा जिन्सीको मूल्य र जिम्मा लिएको मितिदेखि हालसम्मको दश प्रतिशत का दरले लाग्ने ब्याज समेत निजको तलब वा पाउने अन्य जुनसुकै रकम रोक्का गरी असुल उपर गरिनेछ।" भन्ने वाक्यांशको सट्टा "गरेमा ऐन बमोजिम असुल उपर गरिनेछ।" भन्ने वाक्यांश राखिएको छ।

(४) उपनियम (५) मा रहेको "सम्बन्धमा" भन्ने शब्दको सट्टा "हकमा सम्बन्धित कार्यालयको प्रमुखले तोकेको अधिकृत र एकजना प्राविधिक अधिकृत," भन्ने शब्दहरु राखिएका छन्।

२७. मूल नियमावलीको नियम ५६ मा संशोधन : मूल नियमावलीको नियम ५६ को उपनियम (३) मा रहेका "बहाल टुटेको" भन्ने शब्दहरुको सट्टा "अवकाश प्राप्त" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२०

२८. मूल नियमावलीको नियम ५८ मा संशोधन : मूल नियमावलीको नियम ५८ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) अधिकार प्राप्त अधिकारीको लिखित आदेश प्राप्त गरेपछि कार्यालयले देहाय बमोजिमको रकमको मालसामानको खरिद गर्दा देहाय बमोजिम रित पुर्‍याई गर्नु पर्नेछ । वार्षिक बजेट निकासा हुने समय र स्वीकृत बजेटलाई विचार गरी खरिद गर्नुपर्ने मालसामान खरिद गर्दा कार्यक्रम बनाई बोलपत्र आव्हान गर्नुपर्नेमा बोलपत्र माग गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सामान्यत: बोलपत्र छल्ने उद्देश्यले पटक पटक खरिद गर्न वा गराउनु हुँदैन । वैदेशिक ऋृण वा सहयोगबाट सञ्चालित आयोजनाको लागि श्री ५ को सरकारले मालसामान उपलब्ध गराउने व्यवस्था भएकोमा त्यस्तो मालसामानको खरिद गर्दा पनि यस नियमावली बमोजिम प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(क) एक पटकमा एकलाख रुपैयाँसम्म सोझै बजारबाट ।

(ख) एक पटकमा दशलाख रुपैयाँसम्म सिलबन्दी दरभाउपत्रबाट ।

(ग) दशलाख रुपैयाँभन्दा माथि जतिसुकै रकमको भए पनि बोलपत्र वा घटाघटबाट ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

(२) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी बोलपत्र आह्वान गरी मालसामान खरिद गर्न नभ्याउने भएमा यसरी खरिद गर्न नभ्याउनाको र तत्काल खरिद गर्नुपर्नाको कारण स्पष्ट खुलाई सम्बन्धित मन्त्रालयको सचिवको स्वीकृति लिई वार्ता, अमानत वा घटाघटबाट खरिद गर्न सकिने छ ।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ:-

"(३) यस नियमावली बमोजिम जुनसुकै प्रकृयाबाट मालसामान खरिद गर्दा विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान दश प्रतिशतसम्म महंगो भए तापनि नेपाली मालसामाननै खरिद गर्नु पर्नेछ ।"

२९. मूल नियमावलीको नियम ५९ मा संशोधन : मूल नियमावलीको नियम ५९ को,-

(१) खण्ड (क) मा रहेको "मोलमा" भन्ने शब्द पछि "त्यस्तो संस्था वा सोको अधिकृत बिक्रेताबाट" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ख) मा रहेको "ससझदारीपत्र" भन्ने शब्द पछि "वा त्यस्ता संस्थाको खरिद निर्देशिका" भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

"(ग) प्रचलित कानून बमोजिम स्थापना भएका स्वदेशी उद्योगले आफ्नो उत्पादन बिक्री प्रयोजनका लागि सार्वजनिक गरेको मूल्यमा खरिद गर्दा,

...बाट खर्च गरि...

...पक्षबाटै स...



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सरकारी स्वामित्वमा नभएका स्वदेशी उद्योगबाट उत्पादित मालसामानको हकमा त्यस्ता मालसामान नियम ५९क. बमोजिमको समितिबाट प्रकाशित सूचीभित्र समावेश भएको हुनु पर्नेछ।"

(४) खण्ड (ङ) र (च) झिकिएका छन्।

(५) खण्ड (छ) मा रहेको "कारोबार" भन्ने शब्द अगाडि "उत्पादन गर्ने वा" भन्ने शब्दहरु थपिएका छन् र सोही खण्डमा रहेका "एक तह माथिको स्वीकृति लिई" भन्ने शब्दहरुको सट्टा "एक तह माथिको अधिकारीलाई जानकारी दिएको पन्ध्र दिनपछि" भन्ने शब्दहरु राखिएका छन्।

(६) खण्ड (ज) झिकिएको छ।

३०. मूल नियमावलीमा नियम ५९क. थप: मूल नियमावलीको नियम ५९ पछि देहायको नियम ५९क. थपिएको छ :-

५९क. विवरण सार्वजनिक गर्नुपर्ने: (१) प्रचलित कानून बमोजिम स्थापना भई सरकारी स्वामित्वमा नरहेका स्वदेशी उद्योगबाट उत्पादन भएका मालसामानको प्रकृति, स्तरीयता, मूल्य र उपलब्धताका सम्बन्धमा परीक्षण गरी उपयुक्तताको विवरण सार्वजनिक गर्न गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको अध्यक्षतामा देहायका सदस्यहरु रहेको एक समिति रहनेछ :-

(क) प्रतिनिधि, उद्योग विभाग -सदस्य

(ख) प्रतिनिधि, नेपाल राष्ट्र बैंक -सदस्य

(ग) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(घ) परीक्षण गरिने वस्तुसँग सम्बन्धित विशेषज्ञ -सदस्य

(ङ) उपसचिव, गुणस्तर तथा नापतौल विभाग -सदस्य-सचिव

(२) समितिको अन्य काम,कर्तव्य, अधिकार तथा कार्यविधि श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

३१. मूल नियमावलीको नियम ६१ मा संशोधन : मूल नियमावलीको नियम ६१ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) सिलबन्दी दरभाउपत्रद्वारा मालसामान खरिद गर्दा दश दिनको म्याद दिई नियम ६६ को उपनियम (५) मा उल्लिखित कार्यालयहरुमा सूचना टाँस गर्नु पर्नेछ।"

(२) उपनियम (३) झिकिएको छ।

(३) उपनियम (४) को खण्ड (ग) मा रहेको "आवास" भन्ने शब्दको सट्टा "भवन निर्माण" भन्ने शब्दहरु राखिएका छन्।

२७. मूल उपनियम (७) र (९) झिकिएका छन्।

"बहाल टुटेक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. मूल नियमावलीमा नियम ६१क. थप : मूल नियमावलीको नियम ६१ पछि देहायको नियम ६१क. थपिएकोछ :-

"६१क. ढुवानी सम्बन्धी कार्य गराउने : (१) देहाय बमोजिमको रकमको मालसामान ढुवानी गराउँदा देहाय बमोजिमको रित पुऱ्याउनु पर्नेछ । वार्षिक बजेट निकासा हुने समय र स्वीकृत बजेटलाई समेत विचार गरी मालसामानको ढुवानी कार्यक्रम र लागत अनुमान बनाई ढुवानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ :-

(क) एकपटकमा एक लाख रुपैयाँसम्म सोझै वार्ताबाट ।

(ख) एकपटकमा दश लाख रुपैयाँसम्म सिलबन्दी दरभाउपत्रबाट ।

(ग) दश लाख रुपैयाँभन्दा माथि जतिसुकै रकमको भए पनि बोलपत्र वा घटाघटबाट ।

(२) जिल्लाको ज्याला दररेट निर्धारण समितिले प्रत्येक वर्ष जिल्लामा चलन चल्तीमा रहेका ढुवानी साधनको ढुवानी दर तोकिदिनु पर्नेछ ।

(३) जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ ।

(४) उपनियम (१) को खण्ड (क) बमोजिम ढुवानी गर्दा जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा गर्नु पर्नेछ ।

(५) जिल्लाको दररेट निर्धारण समितिले तोकेको ढुवानी साधन बाहेक अन्य साधनबाट ढुवानी गर्दा प्रतिस्पर्धाको माध्यम अपनाई ढुवानी गर्नु पर्नेछ ।

(६) उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिम ढुवानी गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि नियम ६६, ७१, ७२, ७३ र ७४ मा उल्लेख भए बमोजिम हुनेछ ।"

३३. मूल नियमावलीमा नियम ६२क थप : मूल नियमावलीको नियम ६२ पछि देहायको नियम ६२क. थपिएको छ :-

"६२क. सार्वजनिक निर्माण सम्बन्धी व्यवस्था : (१) सार्वजनिक निर्माणका कामहरुमा योजना, डिजाईन, निर्माण, मर्मत, संभार तथा सञ्चालनका विभिन्न अवस्थामा नियम ६२ बमोजिम बनाइएको सार्वजनिक निर्माण निर्देशिका, ठेक्का सम्झौता तथा प्रचलित कानून बमोजिम काम गरे नगरेको तथा तोकिएको गुणस्तर कायम भए नभएको बारे जाँच गर्न राष्ट्रिय योजना आयोग अन्तर्गत एउटा प्राविधिक परीक्षण महाशाखा रहनेछ । उक्त महाशाखाले उपनियम (२) बमोजिम तयार भएको निर्देशिकाको आधारमा प्राविधिक परीक्षण गर्नु पर्नेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि भौतिक योजना तथा निर्माण मन्त्रालयले जलस्रोत मन्त्रालय समेतको परामर्शमा देहायका विषय समावेश गरी निर्देशिका बनाई श्री ५ को सरकारको स्वीकृति लिई लागू गर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २२२

(क) प्राविधिक परीक्षण अन्तर्गत हेरिने विषयहरु र सो सम्बन्धी अभिलेखहरु,

(ख) प्राविधिक परीक्षण गर्ने विधि र सम्बन्धित कार्यालयको जिम्मेवारी,

(ग) प्राविधिक परीक्षणबाट देखाइएका त्रुटीहरु सुधार्न सम्बन्धित कार्यालयले पालन गर्नु पर्ने कुराहरु र दायित्व,

(घ) निर्देशिका अनुगमन कार्यान्वयन कार्यविधि,

(ङ) प्राविधिक परीक्षण सम्बन्धी मार्ग दर्शन हुन सक्ने अन्य आवश्यक कुराहरु ।"

३४. मूल नियमावलीको नियम ६३ मा संशोधन : मूल नियमावलीको नियम ६३ को,-

(१) उपनियम (२) को अन्त्यमा "लागत अनुमानको ढाँचा अनुसूची-७ख. मा तोकिए बमोजिम हुनेछ" भन्ने वाक्यांश थपिएको छ ।

(२) उपनियम (३) मा रहेका "श्री ५ को सरकारबाट" भन्ने शब्दहरुको सट्टा "श्री ५ को सरकार ( मन्त्रिपरिषद) बाट" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (८) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) निर्माण कामको ड्रईङ्ग, डिजाईजन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने भई स्वीकृत लागत अनुमानको पन्ध्र प्रतिशतसम्म थपघट गर्नु परेमा विभागिय प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

तर साविकको ड्रईङ्ग, डिजाईजन र स्पेशिफिकेशन विभागीय प्रमुखबाट स्वीकृत भएको रहेछ भने सो मा संशोधन गर्नु पर्दा सम्बन्धित सचिवबाट स्वीकृत गराउनु पर्नेछ ।"

(४) उपनियम (८) पछि देहायको उपनियम (८क.), (८ख) र (८ग) थपिएका छन् :-

"(८क.) कुनै लागत अनुमानको आईटमवाइज काममा पच्चीस प्रतिशतसम्म कार्यालय प्रमुख र विभागीय प्रमुखले थपघट गर्न सक्नेछ ।

तर कूल लागत अनुमानको रकममा पन्ध्र प्रतिशतभन्दा बढी हुने गरी थप गर्न पाईनेछैन ।"

(८ख) उपनियम (८) र (८क) मा उल्लिखित प्रतिशतभन्दा वढी लागत अनुमानमा थपघट गर्नुपरेमा देहायको समितिको स्वीकृति लिनु पर्ने छ :–

(क) सम्बन्धित मन्त्रालयको सचिव - अध्यक्ष

(ख) महालेखा नियन्त्रक वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(ग) प्रतिनिधि, राजपत्राङ्कित प्रथम श्रेणीको प्राविधिक अधिकृत, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

(घ) सम्बन्धित मन्त्रालयको सचिवले तोकेको विभागीय प्रमुख - सदस्य

(ङ) सम्बन्धित मन्त्रालयको आर्थिक प्रशासन शाखाको प्रमुख -सदस्य- सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८ग.) उपनियम (८ख.) बमोजिमको समितिले लागत अनुमानमा थपघट गर्ने स्वीकृति दिंदा उपनियम (९) बमोजिम कारवाही गर्नुपर्ने देखिएमा त्यस्तो कारवाही गर्न सम्बन्धित विभागीय प्रमुखलाई निर्देशन समेत दिनु पर्ने छ।

(५) उपनियम (९) मा रहेका "पच्चीस प्रतिशत " भन्ने शब्दहरुको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

३५. मूल नियमावलीको नियम ६४ मा संशोधन : मूल नियमावलीको नियम ६४ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) मा रहेका "पचास हजार" भन्ने शब्दहरुको सट्टा "एक लाख" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ख) झिकिएको छ।

(ग) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) दश लाख रुपैयाँसम्मको काम गर्दा दश दिनको म्याद दिई नियम ६६ को उपनियम (५) मा उल्लिखित कार्यालयहरुमा सूचना टाँस गरी सिलबन्दी दरभाउपत्र माग गर्नु पर्नेछ।"

(घ) खण्ड (घ) मा रहेका "पचास लाख" भन्नेशब्दहरुको सट्टा "दश लाख" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) यस नियमावली बमोजिम सिलबन्दी दरभाउपत्र वा बोलपत्र वा घटाघट गरी ठेक्काबाट काम गराउँदा निर्माण व्यवसायी ऐन, २०५५ अन्तर्गत दर्ता भएका ठेकेदारहरुबाट गराउनु पर्नेछ।

तर श्री ५ सरकार (मन्त्रिपरिषद्) ले कुनै दुर्गम क्षेत्रको निम्ति यो बन्देज हटाउन सक्नेछ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) भुकम्प, बाढी, पहिरो तथा आगलागीजन्य प्राकृतिक प्रकोपका कारण तत्काल निर्माण वा खरिद कार्य नगर्दा थप हानी नोक्सानी हुने अवस्था आई परेमा अवस्था र तत्काल गर्नुपर्ने काम सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखले पर्चा खडा गरी उक्त काम अमानत वा वार्ताद्वारा गराउन सक्नेछ।"

३६. मूल नियमावलीको नियम ६५ मा संशोधन : मूल नियमावलीको नियम ६५ को उपनियम (१) मा रहेको "साधारणतया एक करोड रुपैयाँ भन्दा बढीको निर्माण तथा हेभी इक्वीपमेण्ट खरिद र लेखा उत्तरदायी अधिकृतले आवश्यक ठानेका अन्य कार्य सम्बन्धी ठेक्काको" भन्ने वाक्यांशको सट्टा " दातृपक्षसँगको सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक साधारणतः एक करोड रुपैयाँभन्दा बढीको निर्माण तथा हेभी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इक्वीपमेण्ट खरिद र अन्य कार्य सम्बन्धी ठेक्काको लागत अनुमान हुनेमा लागत अनुमान र लागत अनुमान नहुनेमा स्पेसिफिकेशन तथा परिमाण स्वीकृत भैसकेपछि" भन्ने वाक्यांश राखिएको छ र सोही उपनियममा रहेको "कस्तोमा प्रिक्वालिफिकेशन गर्ने भन्ने विषयमा विभागीय प्रमुखले निर्णय गर्नु पर्नेछ ।" भन्ने वाक्यांश झिकिएको छ ।

३७. मूल नियमावलीको नियम ६६ मा संशोधन : मूल नियमावलीको नियम ६६ को,-

(१) उपनियम (२) को खण्ड (क) मा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टा "दश लाख" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) मा रहेका "ठेकेदार नाफा" भन्ने शब्दहरुको सट्टा "मूल्य अभिवृद्धि कर" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (५) मा रहेको "बोलपत्र सम्बन्धी कागजात स्वीकृत गर्ने अधिकारीबाट स्वीकृत भइसकेपछि पचास लाख" भन्ने वाक्यांशको सट्टा "बोलपत्र सम्बन्धी कागजात बोलपत्र आव्हान गर्नु अगावै सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत भइसकेपछि दश लाख" भन्ने वाक्यांश राखिएको छ र सोही उपनियमको खण्ड (च) मा रहेका "ठेकेदार नाफा" भन्ने शब्दहरुको सट्टा "मूल्य अभिवृद्धि कर" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (६) मा रहेका "क्षेत्रीय निर्देशनालय वा कार्यालयमा" भन्ने शब्दहरुको सट्टा " क्षेत्रीय निर्देशनालय वा कार्यालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपनियम (७) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर बोलपत्र आव्हान गर्ने कार्यालय रहेकै स्थानमा उपनियम (६) बमोजिमको कार्यालय रहेमा भोलीपल्ट बोलपत्र सम्बन्धी सबै कागजात पठाउनु पर्नेछ ।"

(६) उपनियम (९) मा रहेका "श्री ५ को सरकारलाई मान्य हुने बैंकबाट जारी गरिएको वा" भन्ने शब्दहरु झिकिएका छन् र सोही उपनियमको प्रतिवन्धात्मक वाक्यांशमा रहेको "तोकेको" भन्ने शब्द पछि "बैंक" भन्ने शब्द थपिएको छ ।

(७) उपनियम (१२) मा रहेका "ठेकेदार सम्बन्धी नियमावली, २०३१" भन्ने शब्दहरुको सट्टा "निर्माण व्यवसायी ऐन, २०५५" भन्ने शब्दहरु राखिएका छन् ।

(८) उपनियम (१४) मा रहेका "पचास लाख रुपैयाँ भन्दा माथिको लागत अनुमान भएको" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँ भन्दा माथिको लागत अनुमान भएको खरिद तथा" भन्ने शब्दहरु र सोही उपनियममा रहेका "सो नबनेसम्म प्राविधिक र आर्थिक पक्षमा " भन्ने शब्दहरुको सट्टा "सो नबनेसम्म प्राविधिक पक्षमा" भन्ने शब्दहरु राखिएका छन् ।



३३६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) उपनियम (१५) को सट्टा देहायको उपनियम (१५) राखिएको छ :-

"(१५) उपनियम (१४) बमोजिम ठेक्का दिने व्यवस्था गर्दा प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट छनौट भएका बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोली न्यूनतम आर्थिक प्रस्ताव भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्नेछ । असफल भएका बाँकी आर्थिक प्रस्ताव नखोली सम्बन्धित बोलपत्रदातालाई फिर्ता दिनु पर्नेछ ।"

(१०) उपनियम (१७) पछि देहायका उपनियम (१८), (१९), (२०), (२१),(२२) र (२३) थपिएका छन् :-

"(१८) कृत्रिम प्रतिस्पर्धा हुने गरी आपसमा मिली बोलपत्र दिएमा त्यसरी मिलोमतो गर्नेको बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

(१९) आपसमा मिलेर बोलपत्र राखेको भन्ने कुराको कसैले प्रमाण सहित उजूर गर्न सक्नेछ । छानबीनबाट उजूर सत्य ठहरिन गएमा उपनियम (१८) बमोजिम हुनेछ ।

(२०) सम्झौता भई ठेक्का कार्य शुरु भएपछि पनि मिलोमतो वा आर्थिक प्रलोभन दिई वा प्रतिस्पर्धालाई बल प्रयोग गरी प्रतिस्पर्धाबाट बञ्चित गराएको कुरा खुल्न आएमा ठेक्का प्राप्त गर्नेलाई देहाय बमोजिम हुनेछ :-

(क) ठेक अङ्कको दश प्रतिशत जरिवाना गर्ने,

(ख) ठेक्का रद्द गरी धरौटी र अन्य रकम जफत गर्ने,

(ग) आर्थिक प्रलोभनमा परी प्रतिस्पर्धाबाट हट्नेलाई ठेक्का प्राप्त गर्नेले जमानत बापत जम्मा गरेको रकम बराबर जरिवाना गर्ने ।

(२१) माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्र पेश गर्नु पर्ने अन्तिम मितिले सात दिनभित्र उजूर नगरेमा उपनियम (१८) र (१९) बमोजिम कारबाही हुने छैन ।

(२२) ठेक्का प्राप्त गर्ने उद्देश्यले अन्य प्रतिस्पर्धीलाई कुनै प्रकारले बोलपत्र प्रस्तुत गर्न कसैले रोकेमा त्यस्ताबाट दाखिला हुने बोलपत्र रद्द गरी धरौटी रकम जफत गर्न सक्नेछ ।

(२३) उपनियम (२०) बमोजिमको कारबाही सम्बन्धित क्षेत्रीय प्रशासकको अध्यक्षतामा कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख तथा सम्बन्धित विषयको राजपत्राङ्कित प्रथम श्रेणीको विशेषज्ञ रहेको समितिले गर्नेछ ।"

३८. मूल नियमावलीको नियम ६८ मा संशोधन : मूल नियमावलीको नियम ६८ को उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) एजेन्ट नियुक्ति नगरेको भए,-

(१) बोलपत्र आव्हान भएको जानकारी पाएको स्रोत,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बोलपत्र दर्ता गर्न, खोल्न र बोलपत्र सम्बन्धी अन्य कारवाहीमा प्रतिनिधित्व गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दिइएको पारिश्रमिक,

(३) बोलपत्रसाथ दाखिला गर्नुपर्ने धरौटी रकम स्थानान्तरण, हस्तान्तरण र विदेशी मुद्रा सटही गरेको प्रमाण,

(४) विदेशी मुद्रा सटही गर्दा कुनै नेपालीको बैंक खाता प्रयोग गरेको भए त्यस्तो व्यक्तिको नाम, ठेगाना र आफैंले त्याई सटही गरेको भए बैंकको प्रमाण ।"

३९. मूल नियमावलीको नियम ६९ मा संशोधन : मूल नियमावलीको नियम ६९ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ:-

"(च) स्थानीय एजेण्टले पाउने कमिशन अङ्क गलत उल्लेख गरेको वा स्थानीय एजेण्ट भएर पनि स्थानीय एजेण्ट नदेखाएको व्यहोरा कसैको उजूरीबाट प्रमाणित भएमा त्यस्तो सुराक दिने व्यक्तिलाई असूल भएको रकमको बीस प्रतिशत पुरस्कार दिई बाँकी रकम संचित कोषमा दाखिला गर्नु पर्नेछ ।"

(२) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) खण्ड (घ) र (च) बमोजिम कारबाही भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई त्यसपछि आव्हान गरिने सिलबन्दी दरभाउपत्र वा बोलपत्रमा भाग लिन नपाउने गरी कालो सूचीमा समावेश गरिनेछ ।"

४०. मूल नियमावलीको नियम ७२ मा संशोधन : मूल नियमावलीको नियम ७२ को उपनियम (१) को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छ :-

"(झ१.) निर्माण कार्यको बील अफ क्वान्टीटीको प्रत्येक आइटमको दर रेट भरी नआएको ।"

४१. मूल नियमावलीको नियम ७३ मा संशोधन : मूल नियमावलीको नियम ७३ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (घ) मा रहेका "रु. १०,००,००,०००।- (दश करोड रुपैयाँ) सम्मको" भन्ने शब्दहरुको सट्टा "रु. ५,००,००,०००।- (पांच करोड रुपैयाँ) भन्दा बढीको" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ङ) झिकिएको छ ।

(२) उपनियम (२) को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:-

"(क१) बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा मन्त्रालयबाट स्वीकृत नर्म्सलाई आधार बनाई बोलपत्र स्वीकृत गर्ने,"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) साधारणतः रीत पुगेका बोलपत्रहरु मध्ये सबैभन्दा घटी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । यसरी बोलपत्र स्वीकृति गर्दा बोलपत्र दाताको क्षमता, अनुभव, भरपर्दो भए वा नभएको कुराको अतिरिक्त आर्थिक हैसियतको पनि ख्याल राख्नु पर्नेछ ।

तर घटी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकार नगरी सो भन्दा बढी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्ने भएमा सो को कारण स्पष्ट खोली बढी रकम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र पनि स्वीकार गर्न सकिनेछ । त्यसरी बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकार गर्नुपर्ने कारण खुलाउनु पर्ने जवाफदेही निर्णयकर्ताले वहन गर्नु पर्नेछ ।"

(ग) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) प्राप्त बोलपत्र खोल्दा रीत पूर्वकको एक मात्र बोलपत्र परेको रहेछ भने त्यस्तो बोलपत्र रीतपूर्वकको भए तापनि त्यस्तो बोलपत्र रद्द गरी पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।"

(घ) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) लागत अनुमान भएकोमा सो लागत अनुमान हुँदा कायम भएको अङ्क भन्दा बढी अङ्कको बोलपत्र पर्न आएमा बोलपत्रदाता सबैबाट घटाघट गराउनु पर्नेछ । यसरी घटाघट गराउँदा लागत अनुमान भित्र पर्न आएमा सबभन्दा कम रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिनेछ । घटाघट गराउँदा लागत अनुमानको दश प्रतिशत सम्म बढी भएमा कारण खुलाई सबैभन्दा घटी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र एक तह माथिको अधिकारीबाट लिखित सहमति लिई स्वीकृत गर्न सकिनेछ । घटाघट गर्दा पनि लागत अनुमानको दश प्रतिशत भन्दा बढी भएमा पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ । पुनः बोलपत्र आव्हान गर्दा पनि लागत अनुमानको दश प्रतिशत भन्दा बढी भएमा लागत अनुमानको पुनरावलोकन गरी पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।"

(ङ) खण्ड (च) झिकिएको छ ।

(च) खण्ड (छ) मा रहेको "वा निज बोलपत्रदाताले कबोल गरेको अङ्कमा सोही आर्थिक वर्ष भित्र अन्य कुनै सरकारी कार्यालयमा सोही ब्राण्ड र गुणस्तरको मालसामान वा सेवा बोलपत्रको माध्यमबाट बिक्री गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र स्वीकृत गर्न सकिनेछ ।" भन्ने वाक्यांशको सट्टा "त्यस्तो बोलपत्र स्वीकृत गर्न सकिनेछ । लागत अनुमानभन्दा बढी भएको अवस्थामा खण्ड (ङ) बमोजिम गर्नु पर्नेछ ।" भन्ने वाक्यांश राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) खण्ड (ढ) को अन्त्यमा रहेको "यसरी बनाइएको तालिका बोलपत्रदाताले माग गरेमा दस्तुर लिइ उपलब्ध गराउनु पर्नेछ।" भन्ने वाक्यांश झिकिएको छ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) र (४) थपिएका छन् :-

"(३) कुनै कार्यको ठेक्का सम्झौता भई काम शुरु गरिसकेपछि भेरिएशन आदेश गर्नु पर्ने अवस्था भएमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) ठेक्का सम्झौता रकमको पन्ध्र प्रतिशत भन्दा बढी खर्च हुने गरी भेरिएशन आदेश दिनु हुँदैन, दिएमा स्वीकृत गर्ने अधिकारीले तिर्नु पर्नेछ।

(ख) बजेट व्यवस्था नगरी भेरिएशन आदेश दिनु हुँदैन।

(ग) प्रत्येक भेरिएशन आदेशमा दररेट, थप म्याद, मूल्य वृद्धि, क्षतिपूर्तिमा असर पर्ने नपर्ने विवरण खुलाउनु पर्नेछ।

(घ) ठेक्का सम्झौता अनुसारको दररेटभन्दा बढी दररेट हुने गरी भेरिएशन आदेश गर्नु हुँदैन।

(ङ) बढी दररेट तर कम परिमाण भएका आइटममा शत प्रतिशतभन्दा बढी हुने गरी भेरिएशन आदेश गर्नु हुँदैन।

(च) भेरिएशन आदेश दिंदा प्रत्येक भेरिएशन आदेशमा भेरिएशनको प्रकृती, ठुला आइटम, साना आइटम, म्याद थप दिनु पर्ने वा नपर्ने र पर्ने भए कति दिन, भेरिएशन आइटमको नयाँ दररेट बील अफ क्वान्टीटीको आइटम भन्दा घटिबढी, अद्यावधिक फेर बदल जम्मा सम्झौता रकमको कति प्रतिशत, थप रकम कहाँबाट कसरी जुटाउने, भेरिएशन आदेश पछिको जम्मा जम्मी ठेक्का पट्टा रकम शुरु सम्झौता रकमको कति प्रतिशत हुने स्पष्ट गर्नुपर्ने।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "भेरिएशन आदेश" भन्नाले ठेक्का पट्टा सम्झौता कार्यान्वयनको अवस्थामा शुरु सम्झौताको कार्यपरिमाणमा थप, घट, नयाँ आइटम थप्ने वा सट्टा गर्ने अवस्था उत्पन्न भई उपलब्ध बजेट रकमको परिधि भित्र रही साविक ठेक्काबाट यस्ता फेरबदल गर्दा नयाँ ठेक्का पट्टा व्यवस्था गर्न भन्दा किफायती हुने तथा खर्चको प्रभावकारीता बढ्ने अवस्थामा अधिकार प्राप्त अधिकारीले दिने आदेश सम्झनु पर्छ।

(४) उपनियम (३) को खण्ड (क) मा उल्लेख भएको भन्दा बढीको भेरिएशन आदेश दिनु पर्ने अवस्था परेमा देहायबमोजिमको समितिको स्वीकृति लिई भेरिएशन आदेश जारी गर्न सकिने छ।

(क) सम्बन्धित मन्त्रालयको सचिव - अध्यक्ष

(ख) महालेखा नियन्त्रक वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(ग) प्रतिनिधि, राजपत्राङ्कित प्रथम श्रेणीको प्राविधिक अधिकृत, भौतिक योजना तथा निर्माण मन्त्रालय- सदस्य

(घ) सम्बन्धित मन्त्रालयको सचिवले तोकेको विभागीय प्रमुख - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सम्बन्धित मन्त्रालयको आर्थिक प्रशासन शाखाको प्रमुख -सदस्य- सचिव

४२. मूल नियमावलीको नियम ७४ मा संशोधन : मूल नियमावलीको नियम ७४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) सिलबन्दी दरभाउपत्र दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तीन सय रुपैयाँ तिरी सम्बन्धित कार्यालयबाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको सिलबन्दी दरभाउपत्रको फाराम खरिद गर्नु पर्नेछ ।"

४३ मूल नियमावलीको नियम ७५ मा संशोधन: मूल नियमावलीको नियम ७५ को,-

(१) उपनियम (२) मा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टा "दश लाख" र "पन्ध्र दिनको" भन्ने शब्दहरुको सट्टा "कम्तीमा सात दिनको" भन्ने शब्दहरु राखिएका छन् र सोही उपनियमको खण्ड (घ) को अन्त्यमा "घटाघटमा सहभागी हुन पाउनेको योग्यता" भन्ने वाक्यांश थपिएको छ ।

(२) उपनियम (३) को अन्त्यमा "यसरी घटाघट गराई सकेपछि घटाघटमा बोलिएका अङ्कहरुलाई तालिकामा उल्लेख गरी मुचुल्का बनाई उपस्थित सदस्यहरुको सही गराउनु पर्नेछ ।" भन्ने वाक्यांश थपिएको छ ।

(३) उपनियम (३) पछि देहायका उपनियम (४),(५) र (६) थपिएका छन् :-

"(४) यस नियम बमोजिम घटाघट गराउँदा सिलबन्दी वा खुल्ला बोलकबोलको माध्यमबाट गर्न सकिनेछ ।

(५) यस नियम बमोजिम घटाघट गराउँदा उपनियम (२) को खण्ड (घ) बमोजिम योग्यता पुगेका दुईभन्दा बढीको सहभागिता हुनु पर्नेछ ।

(६) यस नियम बमोजिम घटाघट गराउँदा श्री ५ को सरकारको पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएका संस्थाहरुलाई समावेश गरी घटाघट गराउन सकिनेछ ।

तर यसरी घटाघट गरी वा प्रतिस्पर्धामा भाग नलिई ठेक्का सम्झौता गरेको संस्थाले चालीस प्रतिशतभन्दा बढीको काम कटकिन्दारबाट गराउन पाउने छैन ।"

४४. मूल नियमावलीको नियम ७७ मा संशोधन : मूल नियमावलीको नियम ७७ को,-

(१) उपनियम (३) मा रहेको " निजको" भन्ने शब्दको सट्टा "बोलपत्रको सूचनामा उल्लिखित" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (५) को खण्ड (च) मा रहेका "मूल्य वृद्धि " भन्ने शब्दहरु अगाडि "भुक्तानीको तरिका र" भन्ने शब्दहरु थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४१

४५. मूल नियमावलीको नियम ७९ मा संशोधन : मूल नियमावलीको नियम ७९ को सट्टा देहायको नियम ७९ राखिएको छ :-

"७९. खप्ने जिन्सी मालसामानको मर्मत संभार सम्बन्धी काम गराउने : (१) कार्यालय प्रमुखले खप्ने जिन्सी मालसामानको मर्मत संभार गर्नु गराउनु पर्दा सम्बन्धित कर्मचारीबाट मर्मत संभार गर्नुपर्ने मालसामानको विवरण लिई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लागत अनुमान गराउनु पर्दा सम्बन्धित विशेषज्ञ वा दक्ष कर्मचारीको दरबन्दी भए सो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए सम्बन्धित काम गर्ने व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान गराई मालसामानको मर्मत संभार गराउनु पर्नेछ ।

(३) ठूला ठूला मेशीन (डोजर, बुल्डोजर) र सवारी साधन आफ्नो वर्कशपमा मर्मत संभार गराउने सुविधा उपलब्ध नभई अन्यत्रबाट गराउनु पर्दा सम्बन्धित प्राविधिकहरुबाट मर्मत संभार गराउनु पर्ने विवरण लिई एक लाख रुपैयाँ सम्म कार्यालय प्रमुखको स्वीकृतिमा र सोभन्दा माथिको रकमको लागि विभागीय प्रमुखको स्वीकृतिमा मर्मत संभार गराउनु पर्नेछ ।

(४) यस नियम बमोजिम एक हजार रुपैयाँ सम्मको मर्मत संभार गराउनु पर्दा कामको विवरण तयार गरी लागत अनुमान बिना पनि कार्यालय प्रमुखले सोझै गराउन सक्नेछ ।

(५) आफ्नो वर्कशपमा मर्मत संभार गराउने सुविधा भएकोमा स्पेयर पार्टस खरिद गरी जिन्सी दाखिला गर्नु पर्नेछ । अन्यत्रबाट मर्मत गराउनु पर्दा आवश्यक पर्ने स्पेयर पार्टसहरु सम्बन्धित प्राविधिकबाट फेरिएको प्रमाणित गराई खर्च लेख्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम मर्मत गर्दा आयु वा क्षमतामा वृद्धि हुने भएमा सो व्यहोरा सम्बन्धित जिन्सी खातामा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) उपनियम (३) बमोजिमका ठूला ठूला मेशिन (डोजर, बुल्डोजर) तथा सवारी साधन मरमतको अभिलेख ( महालेखा परीक्षक फाराम नं. २ ) मा खुलाउनु पर्नेछ ।

(८) यस नियम बमोजिम मरमत गरी फेरिएका पुराना स्पेयर पार्टस छुट्टै खातामा लगत राखी भण्डार (स्टोर) दाखिला गर्नुपर्नेछ ।

(९) मरमत गर्नुपर्ने मालसामान जुन कम्पनीबाट उत्पादन भएको हो सोही कम्पनीको निर्धारित बिक्री मूल्यमा खरिद गर्दा वा उक्त कम्पनी वा निजको अधिकृत प्रतिनिधिबाट मरमत संभार गराउँदा सिलबन्दी दरभाउपत्र र बोलपत्र बिना गराउन सकिनेछ ।"

४६. मूल नियमावलीको नियम ८० मा संशोधन : मूल नियमावलीको नियम ८० को उपनियम (१) मा रहेका "कुल परियोजना लागत पच्चिस लाख रुपैयाँसम्मका योजना" भन्ने शब्दहरुको सट्टा "पच्चिस लाख रुपैयाँसम्मका काम" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४२

४७. मूल नियमावलीको नियम ८१ मा संशोधन : मूल नियमावलीको नियम ८१ को,-

(१) उपनियम (२) को,-

(क) खण्ड (ख) मा रहेका "रु.३,००,०००।- (तीन लाख रुपैयाँ)" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँ" भन्ने शब्दहरु र सोही खण्डमा रहेका "दरभाउपत्रबाट" भन्ने शब्दहरुको सट्टा "सिलबन्दी दरभाउपत्रबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "रु.३,००,०००।- (तीन लाख रुपैयाँ)" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँ " भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) मा रहेका "साँढे सात" भन्ने शब्दहरुको सट्टा "दश" भन्ने शब्द र सोही उपनियममा रहेको "नागरिक " भन्ने शब्दको सट्टा "व्यक्ति" भन्ने शब्द राखिएका छन् ।

(३) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ :-

"(७) उपनियम (२) को खण्ड (ख) को प्रयोजनको लागि सिलबन्दी दरभाउपत्र माग गर्दा प्राविधिक वा परामर्श सेवासँग सम्बन्धित कार्य क्षेत्रगत शर्तहरु (टर्म अफ रेफरेन्स) तयार गरी राष्ट्रिय स्तरको पत्रपत्रिकामा पन्ध्र दिनको सूचना प्रकाशन गरेर प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको सिलबन्दी दरभाउपत्र माग गर्नु पर्नेछ ।

(४) उपनियम (८) मा रहेका "रु. ३,००,०००।- (तीन लाख रुपैयाँ)" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपनियम (९) को अन्त्यमा "यसरी सिलबन्दी दरभाउपत्र वा बोलपत्र पेश गर्ने संस्थासँग आवद्ध जनशक्तिको व्यक्तिगत विवरण पेश गर्ने सम्बन्धित कर्मचारीबाट स्वीकारोक्ति भएको विवरण संलग्न हुनु पर्दछ ।" भन्ने वाक्यांश थपिएको छ ।

(६) उपनियम (१०) को अन्त्यमा रहेको "यसरी सूची तयार गर्दा न्यूनतम तीन वटाको सूची तयार गर्नुपर्नेछ ।" भन्ने वाक्यांश झिकिएको छ ।

(७) उपनियम (११) को अन्त्यमा "तीनवटा संख्या पुऱ्याउँदा न्यूनतम अङ्क ल्याउने एकभन्दा बढी भएमा त्यसरी न्यूनतम अङ्क ल्याउने सबैलाई समावेश गर्नु पर्नेछ ।" भन्ने वाक्यांश थपिएको छ ।

(८) उपनियम (१४) को सट्टा देहायको उपनियम (१४) राखिएको छ :-

"(१४) उपनियम (१०) र (११) बमोजिमको प्रकृया पूरा गरी छनौट भएका प्राविधिक प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । यसरी खोलिएका आर्थिक प्रस्तावहरु मध्ये प्राविधिक प्रस्ताव तर्फ साठी प्रतिशत र आर्थिक प्रस्ताव तर्फ चालीस प्रतिशतको भार दिई सबैभन्दा बढी अङ्क पाउनेको प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी बढी अङ्क पाउनेको प्रस्तावका शर्तहरु उपयुक्त नदेखिएको स्पष्ट आधार भएमा त्यसपछिको क्रमशः दोश्रो र तेश्रो बढी अङ्क पाउनेको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।"

(९) उपनियम (१५) मा रहेका "एक प्रतिशत" भन्ने शब्दहरुको सट्टा"पाँच प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(१०) उपनियम (१६) को,-

(क) खण्ड (घ) मा रहेका "रु. १,००,००,०००।- (एक करोड रुपैयाँ) सम्म" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (ङ) झिकिएको छ ।

(११) उपनियम (१७) मा रहेको "रेखदेखको" भन्ने शब्दको सट्टा "रेखदेख तथा मर्मत संभारको" भन्ने शब्दहरु राखिएका छन् ।।

(१२) उपनियम (२०) मा रहेका "सो बमोजिम तुरुन्त सम्झौता गरी काम सम्पन्न गराउनु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "तीन दिनभित्र सूचना दिई बाटाको म्याद बाहेक सात दिन भित्र सम्झौता गर्नु पर्नेछ र सम्झौता बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(१३) उपनियम (२२) को सट्टा देहायको उपनियम (२२) राखिएको छ :-

"(२२) आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान, इइन्ड, डिजाइन, स्पेसिफिकेशन, सर्वेक्षण, निर्माण कार्यको रेखदेख र मर्मत संभारको लागि परामर्शदाताको सेवा शुल्क कूल निर्माण लागतको साधारणतया दश प्रतिशत भन्दा बढी हुनु हुँदैन । सो भन्दा बढी हुने भएमा विभागीय प्रमुखले सम्बन्धित विशेषज्ञ समावेश भएको प्राविधिक समिति गठन गरी सो समितिको सुझाव लिई मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ । "

४८. मूल नियमावलीको नियम ८३ मा संशोधन : मूल नियमावलीको नियम ८३ को उपनियम (१) मा रहेको "बिजुलीका" भन्ने शब्द अगाडि "विटुमीन, एमल्सन्" भन्ने शब्दहरु थपिएका छन् र सोही उपनियममा रहेका "मालसामानको बील" भन्ने शब्दहरुको सट्टा "मालसामानको कर विजक" भन्ने शब्दहरु राखिएका छन् ।

४९. मूल नियमावलीको नियम ८६ मा संशोधन : मूल नियमावलीको नियम ८६ को उपनियम (२) मा रहेको "यस नियमावली बमोजिम लाग्ने अतिरिक्त दुई प्रतिशत कट्टा गरी कार्य सम्पन्न भएपछि दिने गरी धरौटीमा राख्नु पर्नेछ ।" भन्ने वाक्यांशको सट्टा "यस नियमावली बमोजिम लाग्ने धरौटीमा दुई प्रतिशत रकम थप गरी धरौटीमा राख्नु पर्नेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

५०. मुल नियमावलीको नियम ८८ मा संशोधन : मूल नियमावलीको नियम ८८ को उपनियम (१) मा रहेका "समेतलाई दृष्टिगत गरी सम्झौता" भन्ने शब्दहरुको सट्टा "समेत संलग्न गरी" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४४

५१. मूल नियमावलीको नियम ८९ मा संशोधन : मूल नियमावलीको नियम ८९ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) ठेकेदारको ढिलाईको कारणबाट ठेक्का सम्झौतामा तोकिएको म्याद भित्र ठेक्काको काम पूरा हुन नसकेमा ठेकेदारले शुरुमा कबोल गरेको ठेक्का रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले हर्जाना लिने गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले उपनियम (२) बमोजिम म्याद थप गर्न सक्नेछ । त्यसरी म्याद थप गर्दा ठेकेदारले थप आर्थिक व्ययभार दाबी गर्न पाउने नपाउने कुरा समेत स्पष्ट खुलाई सो को जानकारी सम्बन्धित ठेकेदारलाई दिनु पर्नेछ ।"

५२. मूल नियमावलीको नियम ९१ मा संशोधन : मूल नियमावलीको नियम ९१ को सट्टा देहायको नियम ९१ राखिएको छ :-

"९१. विशेष व्यवस्था गर्न सकिने : (१) यस नियमावलीमा लेखिएको व्यवस्था बाहेक खरिद, सेवा वा निर्माण सम्बन्धी ठेक्का सम्बन्धमा विशेष व्यवस्था गर्न परेमा मुख्य सचिवको अध्यक्षतामा अर्थ मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव, सम्बन्धित मन्त्रालयका सचिव र महालेखा नियन्त्रक समेतको बैठकले ठहराए बमोजिम श्री ५ को सरकार (मन्त्रीपरिषद्) मा पेश गरी निर्णयानुसार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विशेष व्यवस्था सम्बन्धी प्रक्रिया सम्बन्धित मन्त्रालयको सचिवले तय गरी पेश गर्नु पर्नेछ ।"

५३. मूल नियमावलीको नियम ९५ मा संशोधन : मूल नियमावलीको नियम ९५ को अन्त्यमा "यसरी पुरस्कृत र दण्डित ठेकेदारको विवरण सम्बन्धित कार्यालयले भौतिक योजना तथा निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ । भौतिक योजना तथा निर्माण मन्त्रालयले यसरी प्राप्त विवरणको अभिलेख राखी सोको जानकारी सबै मन्त्रालयमा पठाई सो को सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा सार्वजनिक गर्नु पर्नेछ । मन्त्रालयले यसरी प्राप्त जानकारी मातहतका विभाग तथा कार्यालयमा पठाउनु पर्नेछ ।" भन्ने वाक्यांशहरु थपिएको छ ।

५४. मूल नियमावलीको नियम ९७ मा संशोधन : मूल नियमावलीको नियम ९७ को सट्टा देहायको नियम ९७ राखिएकोछ :-

"९७ लागत अनुमान समिति : (१) प्रत्येक जिल्लामा रासन ठेक्का व्यवस्थाको लागि लागत अनुमान स्वीकृत गर्न देहाय बमोजिमका सदस्यहरु रहेको एउटा लागत अनुमान समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय वा निजले खटाएको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्रमुख, कृषि विकास कार्यालय - सदस्य

(घ) प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत - सदस्य सचिव

(२) उपनियम (१) को समितिले लागत अनुमान स्वीकृत गर्दा नेपाल राष्ट्र बैंकबाट प्रकाशित हुने सम्बन्धित क्षेत्रको वस्तुगत मूल्य सूची, कृषि उपजको मूल्य निर्धारण गर्ने सरकारी निकायले प्रकाशित गरेको मूल्य सूची र स्थानीय बजार दरलाई आधार मान्नु पर्नेछ । उपभोक्ता मूल्य सूचीमा खण्डिकरण आवश्यक परेमा नेपाल राष्ट्र बैंकसँग विवरण माग गर्नु पर्नेछ ।

(३) जिल्लाभित्रका रासन व्यवस्था गर्नु पर्ने प्रत्येक कार्यालयले भाद्र मसान्तभित्र उपनियम (१) बमोजिमको समितिमा आफ्नो कार्यालयको निम्ति स्वीकृत राशन दरबन्दी पेश गर्नु पर्नेछ ।

(४) लागत अनुमान स्वीकृतिका लागि राशन दरबन्दीको कूल लागत अनुमान कार्यालय प्रमुखले तयार गर्नु पर्नेछ ।

(५) अनुसुची-७ग. बमोजिमको ढाँचामा लागत अनुमान समितिको निर्णय बमोजिम कायम राशनको लागत अनुमान विवरण भरी जिल्ला प्रशासन कार्यालयले सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयमा सात दिनभित्रमा पठाउनु पर्नेछ ।

(६) क्षेत्रीय प्रशासन कार्यालयले आफ्नो क्षेत्रभित्रको राशन लागत अनुमान दर विश्लेषण गरी नेपाल राष्ट्र बैंकबाट प्राप्त उपभोक्ता मूल्य सूचीको आधारमा उपत्यका, तराइ, पहाडि र हिमाली जिल्लाको मूल्यमा सडक सुविधा, आपूर्ति अवस्था तथा ढुवानी व्यवस्थालाई सकभर विचार गरी एकरुपता कायम हुनु पर्नेमा एकरुपता र भिन्नता गर्नुपर्नेमा भिन्नता नभएको देखेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सात दिन भित्र पठाउनु पर्नेछ ।

(७) क्षेत्रीय प्रशासन कार्यालयबाट प्राप्त निर्देशन अनुरुपको जानकारी लागत अनुमान राशन ठेक्का गर्नु पर्ने निकायमा जिल्ला प्रशासन कार्यालयले तुरुन्त पठाउनु पर्नेछ । यसको जानकारी क्षेत्रीय प्रशासन कार्यालय, गृह मन्त्रालय, राशन ठेक्का बन्दोवस्त गर्ने कार्यालयको तालुक मन्त्रालयमा समेत दिनु पर्नेछ ।

(८) राशन ठेक्का बन्दोवस्त गर्ने कार्यालयले नियम ७३ बमोजिम राशन ठेक्का गर्नु पर्नेछ ।

(९) नियम ७३ बमोजिम लागत अनुमानको पुनरावलोकन क्षेत्रीय प्रशासकले गर्नेछ ।"

५५. मूल नियमावलीको नियम ९८ मा संशोधन : मूल नियमावलीको नियम ९८ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) कुनै कांरण परी राशन सिदाको ठेक्का बन्दोबस्त हुन नसक्ने अवस्था भएमा सम्बन्धित कार्यालय प्रमुखले श्री ५ को सरकारको स्वामित्व भएका संस्थाबाट गुणस्तरयुक्त आवश्यक राशन सिदा खरिद गरी खुवाउनु पर्नेछ । यसरी राशन सिदा खुवाउन नसक्ने अवस्था भएमा कार्यालय प्रमुखले बजार खरिद गरी राशन सिदाको व्यवस्था मिलाउनु पर्नेछ । नियम ९७ बमोजिमको समितिले स्वीकृत गरेको लागत अनुमानको आधारमा नयाँ ठेक्का बन्दोवस्त नभए सम्मको लागि साबिक ठेकेदारबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साबिकै दरमा रासन सिदा उपलब्ध गराउन सकिनेछ । यसरी राशन सिदा व्यवस्था गरेको सबै कुरा खोली सम्बन्धित कार्यालय प्रमुखले राशन खुवाउने कार्यालयको तालुक कार्यालयमा सात दिन भित्र प्रतिवेदन पेश गर्नुपर्नेछ ।"

(२) उपनियम (३) मा रहेका "प्रमुख वा राशन ठेक्का व्यवस्था समितिले" भन्ने शब्दहरुको सट्टा "प्रमुखले" भन्ने शब्द राखिएको छ ।

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) कुनै किसिमबाट ढिलासुस्ती भई ठेक्का बन्दोबस्त हुन नसकी वा अरु कुनै किसिमबाट सरकारी हानि नोक्सानी हुन गएमा सम्बन्धित कार्यालय प्रमुख जिम्मेबार हुनेछ ।"

(४) उपनियम (६) मा रहेको "राशन सिदा व्यवस्थाको ठेक्का बन्दोबस्त गर्नुपर्ने कार्यालयमा पशु पंक्षी समेत रहेछ भने त्यस्ता पशु पंक्षीलाई" भन्ने वाक्यांशको सट्टा " पशु पंक्षीलाई स्वीकृत दरबन्दी अनुसार" भन्ने वाक्यांश राखिएको छ ।

(५) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ :-

"(७) राशन, सिदा, दाना, आहारको किसिम, गुणस्तर र दैनिक आवश्यक परिमाण स्पष्ट गरी सीलबन्दी दरभाउपत्र वा बोलपत्र गरी प्राप्त सिलबन्दी दरभाउपत्र वा बोलपत्र खोली अनुसूची-८ बमोजिमको ढाँचामा तुलनात्मक तालिका बनाई नियम ७३ बमोजिम अधिकार प्राप्त अधिकारीले स्वीकृत गर्नु पर्नेछ ।"

(६) उपनियम (९) मा रहेका "राशन ठेक्का व्यवस्था समितिका सदस्यहरुको" भन्ने शब्दहरुको सट्टा" सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक" भन्ने शब्दहरु राखिएका छन् ।

(७) उपनियम (१०) को सट्टा देहायको उपनियम (१०) राखिएको छ :-

"(१०) प्राप्त सीलबन्दी दरभाउपत्र वा बोलपत्रहरुको मूल्यांङ्कन गरी सबभन्दा घटी दरवालाको सिलबन्दी दरभाउपत्र वा बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।"

(८) उपनियम (११) मा रहेका "राशन ठेक्का व्यवस्था समितिले आफ्नो सिफारिस साथ" भन्ने शब्दहरु झिकिएका छन् ।

(९) उपनियम (१३) को सट्टा देहायको उपनियम (१३) राखिएको छ :-

"(१३) सिलबन्दी दरभाउपत्र लिने, बोलपत्र आह्वान गर्ने, नियम ७३ बमोजिम स्वीकृतिको सूचना दिने, सम्झौता गर्ने, जमानत लिने सम्बन्धमा यस नियमावलीले व्यवस्था गरे बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।"

(१०) उपनियम (१४) मा रहेका "राशन व्यवस्था समितिको निर्णयमा" भन्ने शब्दहरु झिकिएका छन् ।



3X/0
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६. मुल नियमावलीको नियम ९९ मा संशोधन : मूल नियमावलीको नियम ९९ को उपनियम (४) मा रहेको "स्टक" भन्ने शब्दको सट्टा "ठेकेदारले मौज्दात" भन्ने शब्दहरु राखिएका छन्।

५७. मुल नियमावलीको नियम १०२ मा संशोधन : मूल नियमावलीको नियम १०२ को,-

(१) उपनियम (१) मा रहेका " निर्धारित दैनिक दरले" भन्ने शब्दहरुको सट्टा "नियम ९७ बमोजिमको लागत अनुमान समितिले स्वीकृत गरेको लागत अनुमान अनुसार निस्कने दैनिक दरको आधारमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) र (३) झिकिएका छन्।

(३) उपनियम (४) मा रहेका "नियम ९७ को उपनियम (१) बमोजिम गठित राशन ठेक्का व्यवस्था समितिले" भन्ने शब्दहरुको सट्टा " कार्यालय प्रमुखले" भन्ने शब्दहरु राखिएका छन्।

५८. मूल नियमावलीको नियम १०४ मा संशोधन : मूल नियमावलीको नियम १०४ को,-

(१) उपनियम (३) मा रहेको "उपनियम (१) मा उल्लिखित हदभन्दा बढी परल मूल्य नखुलेका मालसामान, सवारी साधन वा भारी उपरकण र मेशिन औजार लिलाम गर्नुपर्ने भएमा" भन्ने वाक्यांशको सट्टा "उपनियम (२) मा उल्लिखित मालसामानको मूल्यांङ्कनको लागि" भन्ने शब्दहरु राखिएका छन् र सोही उपनियमको खण्ड (ख) को अन्त्यमा "तर कार्यालय प्रमुख राजपत्र अनङ्कित स्तरको भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र सम्बन्धित कार्यालय प्रमुख भएको समिति गठन गरिनेछ।" भन्ने वाक्यांश थपिएको छ।

(२) उपनियम (५) को खण्ड (ख) मा रहेका "राजपत्रांङ्कित द्वितीय श्रेणीका मेकानिकल" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित विषयको" को भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (६) मा रहेका "मूल्य नखुलेको" भन्ने शब्दहरु झिकिएका छन्।

(४) उपनियम (१२) मा रहेका "सिधै बिक्री गर्न" भन्ने शब्दहरु अगाडि "विभागीय स्वीकृति लिई" भन्ने शब्दहरु थपिएका छन्।

(५) उपनियम (१३) झिकिएको छ।

५९. मूल नियमावलीको नियम १०५ मा संशोधन : मूल नियमावलीको नियम १०५ को अन्त्यमा "यसरी समिति गठन गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि समेत राख्नु पर्नेछ।" भन्ने वाक्यांश थपिएको छ।

६०. मूल नियमावलीको नियम ११० मा संशोधन : मूल नियमावलीको नियम ११० को उपनियम (३) मा रहेको "जफत" भन्ने शब्द पछि "वा" भन्ने शब्द थपिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१. मूल नियमावलीको नियम ११७ मा संशोधन : मूल नियमावलीको नियम ११७ को उपनियम (२) मा रहेका "महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम राजस्व खातामा दाखिला गरिनेछ।" भन्ने वाक्यांशको सट्टा "कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त भएसम्मका विवरण खुलाई धरौटी फिर्ता दाबी गर्ने सूचना प्रत्येक आर्थिक वर्षमा एक पटक प्रकाशन गर्नेछ। म्याद भित्र फिर्ता दाबी लिन नआएमा राजस्व खातामा दाखिला गर्न सम्बन्धित बैंकलाई आदेश दिन सक्नेछ।" भन्ने वाक्यांश राखिएको छ।

६२. मूल नियमावलीको नियम १२० मा संशोधन : मूल नियमावलीको नियम १२० मा रहेका "सम्पूर्ण पेश्की रकममा दश प्रतिशत ब्याज लगाइनेछ" भन्ने शब्दहरुको सट्टा "बाँकी पेश्की रकममा दश प्रतिशत ब्याज समेत लगाई असूल गरिनेछ" भन्ने शब्दहरु राखिएका छन्।

६३. मूल नियमावलीको नियम १३७ मा संशोधन : मूल नियमावलीको नियम १३७ को उपनियम (१) को खण्ड (ङ) मा रहेका " खास कार्यालयको" भन्ने शब्दहरुको सट्टा "कार्यालयको खास" भन्ने शब्दहरु राखिएका छन्।

६४. मूल नियमावलीको परिच्छेद- १३ को परिच्छेद शीर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद-१३ को परिच्छेद शीर्षकमा रहेका "निर्माण सामग्री, ज्याला दर र घर भाडा सम्बन्धी व्यवस्था" भन्ने शब्दहरुको सट्टा "निर्माण सामग्रीको दररेट तथा भाडा सम्बन्धी व्यवस्था" भन्ने शब्दहरु राखिएका छन्।

६५. मूल नियमावलीको नियम १३८ मा संशोधन : मूल नियमावलीको नियम १३८ को सट्टा देहायको नियम १३८ राखिएको छ :-

"१३८. निर्माण सामग्रीको दररेट निर्धारण : (१) प्रत्येक जिल्लामा कुनै कार्यालय विशेषको लागि वा पूरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्रीको दररेट निश्चित गर्न देहायका सदस्यहरु रहेको एउटा निर्माण सामग्री दररेट निर्धारण समिति रहनेछ :-

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| (ग) स्थानीय विकास अधिकारी | -सदस्य |
| (घ) जिल्ला विकास समितिले तोकेको जिल्ला विकास समितिको एक जना सदस्य | -सदस्य |
| (ङ) प्रतिनिधि, निर्माण व्यवसायी महासंघ | -सदस्य |
| (च) प्रतिनिधि, उद्योग वाणिज्य संघ | -सदस्य |
| (छ) प्रमुख, जिल्ला भवन निर्माण तथा शहरी विकास कार्यालय | -सदस्य-सचिव |

(२) उपनियम (१) बमोजिमको समितिले निर्माण सामग्रीको दररेट निर्धारण गर्दा प्रचलित बजार दरको आधारमा निर्धारण गर्नुपर्नेछ। यसरी निर्धारण गरिने दररेट श्रावण महिनाभित्र निर्धारण गरिसक्नु पर्नेछ। कुनै कारणबश दररेट निर्धारण हुन नसकेको अवस्थामा साविककै दररेट कायम हुनेछ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६. मूल नियमावलीमा नियम १३८क. र १३८ख. थप : मूल नियमावलीको नियम १३८ पछि देहायका नियम १३८क. र १३८ख. थपिएका छन् :-

"१३८क. घरभाडा निर्धारण समिति: (१) कुनै सरकारी कार्यालयको प्रयोजनको लागि घर भाडामा लिन पर्दा देहायका सदस्य रहेको घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिमको दररेटमा लिनु पर्नेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(ग) प्रमुख, जिल्ला भवन निर्माण तथा शहरी विकास कार्यालय -सदस्य

(घ) सम्बन्धित कार्यालय प्रमुख -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले प्रचलित दररेटको आधारमा घर भाडा निर्धारण गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले निर्धारण गरेको भाडाको दररेटमा थप गर्नु परेमा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३८ख. सवारी साधन, मेशिनरी औजार र उपकरण भाडामा लिन सक्ने: (१) सवारी साधन, मेशिनरी औजार र उपकरण खरिद गर्नु भन्दा भाडामा लिंदा मितव्ययिता, कार्यशिधता र उपलब्धीमूलक हुने भएमा सम्बन्धित मन्त्रालयले प्राविधिकहरु समेत रहेको समिति गठन गरी सो समितिको सिफारिसमा भाडामा लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) यस नियम बमोजिम सवारी साधन, मेशिनरी औजार र उपकरण भाडामा लिंदा नियम ६६,७१,७२ र ७३ मा उल्लिखित प्रक्रिया पूरा गर्नु पर्नेछ ।"

६७. मूल नियमावलीको नियम १४५ मा संशोधन : मूल नियमावलीको नियम १४५ को,-

(१) उपनियम (१) मा रहेको "राख्नु" भन्ने शब्दको सट्टा "अन्तिम लेखा परीक्षण गराउनु" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) आन्तरिक लेखापरीक्षणबाट निस्केको फछ्र्यौट हुन बाँकी बेरुजू उपनियम (४) बमोजिम अन्तिम लेखापरीक्षकलाई दिइनेछ । अन्तिम लेखापरीक्षण भएपछि आन्तरिक लेखापरीक्षण बेरुजू कायम रहने छैन ।"

६८. मुल नियमावलीको नियम १४६ मा संशोधन : मूल नियमावलीको नियम १४६ मा रहेका "आन्तरिक लेखा परीक्षण गराएर मात्र" भन्ने शब्दहरु झिकिएका छन् ।

६९. मुल नियमावलीको नियम १४८ मा संशोधन : मूल नियमावलीको नियम १४८ को उपनियम (५) झिकिएको छ ।

७०. मुल नियमावलीको नियम १५० मा संशोधन : मूल नियमावलीको नियम १५० को,-

(१) उपनियम (१) को शुरुमा रहेका "बेरुजू फछ्र्यौट मूल्यांङ्न र" भन्ने शब्दहरुको सट्टा "कार्यालयले गरेको बेरुजू फछ्र्यौटको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) को खण्ड (ग) मा रहेका "विभागीय कारबाही" भन्ने शब्दहरुको सट्टा "विभागीय कारबाहीको निमित्त श्री ५ को सरकार समक्ष सिफारिस" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (३) को खण्ड (घ) मा रहेको "नगरेको" भन्ने शब्द पछि "वा असूल उपर गर्नुपर्ने भनि ठहऱ्याएको बेरुजु तोकिएको समय भित्र असूल उपर गरे नगरेको वा केन्द्रीय तहसिल कार्यालयमा पठाए नपठाएको" भन्ने शब्दहरु थपिएका छन् ।

७१. मुल नियमावलीको नियम १५२ मा संशोधन : मूल नियमावलीको नियम १५२ को सट्टा देहायको नियम १५२ राखिएको छ :-

"१५२. बेरुजूको लगत पठाउनु पर्ने : (१) असुल उपर गर्नुपर्ने बेरुजु रकम सम्बन्धित कार्यालयले असुल उपर गर्नु पर्नेछ । सम्बन्धित कार्यालयले त्यस्तो बेरुजु रकम एक वर्षभित्र पटक पटक कारबाही गर्दा पनि असुल उपर गर्न नसकेमा असुल उपर गर्न नसक्नाको कारण खोली लेखा उत्तरदायी अधिकृत समक्ष पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएको व्यहोरा, लेखा उत्तरदायी अधिकृतले अनुसूची-१५ बमोजिमको ढाँचामा विवरण भरी केन्द्रीय तहसील कार्यालयमा लगत पठाउनु पर्नेछ ।

(२) केन्द्रीय तहसिल कार्यालयले उपनियम (१) बमोजिम प्राप्त हुन आएको विवरण जाँची रित पुगेको भएमा सात दिनभित्र लगत कसी सोको जानकारी सम्बन्धित निकायलाई दिनेछ । सोको आधारमा सम्बन्धित निकायले आफ्नो बेरुजूको लगत कट्टा गर्नु गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त विवरण जाँच गर्दा गणितीय त्रुटी देखिएमा केन्द्रीय तहसिल कार्यालयले लेखा उत्तरदायी अधिकृत समक्ष पुनरावलोकनको लागि लेखी पठाउनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२९

७२. मूल नियमावलीको नियम १५३ मा संशोधन : मूल नियमावलीको नियम १५३ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र यस नियमावलीमा उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम असुल उपर गर्ने,

(ख२) आफू कहाँ लगत कसिएका सरकारी बाँकी रकम भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम र बाँकी रकमको लगत प्रत्येक वर्ष अद्यावधिक गरी सम्बन्धित मन्त्रालयमा पठाउने,"

७३. मूल नियमावलीको नियम १५४ मा संशोधन : मूल नियमावलीको नियम १५४ को उपनियम (१) मा देहायको स्पष्टीकरण थपिएको छ :-

"स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि संस्था वा कम्पनीको हकमा "जिम्मेवार व्यक्ति" भन्नाले संस्था वा कम्पनीको कार्यकारी प्रमुख सम्झनु पर्छ ।"

७४. मूल नियमावलीको नियम १५५ मा संशोधन : मूल नियमावलीको नियम १५५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) ऐनको दफा २९ बमोजिम मिन्हा दिनु परेमा उपनियम (२) बमोजिमको समितिको सिफारिसमा श्री ५ को सरकार ( मन्त्रिपरिषद्) ले मिन्हा दिन सक्नेछ ।"

७५. मूल नियमावलीको नियम १६६ मा संशोधन : मूल नियमावलीको नियम १६६ को,-

(१) खण्ड (ग) मा रहेको "अनङ्कित" भन्ने शब्द पछि "र खण्ड (घ) बाहेकका अन्य श्रेणी बिहीन" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (घ) मा रहेको "श्रेणी" भन्ने शब्द अगाडि " परिचर स्तरका" भन्ने शब्दहरु थपिएका छन् ।

७६. मूल नियमावलीको नियम १६७ मा संशोधन : मूल नियमावलीको नियम १६७ को उपनियम (४) को अन्त्यमा "यस्तो सुविधा नियम १७१ को अवस्थामा कर्मचारी र निजको परिवारले पनि पाउने छन् ।" भन्ने वाक्यांश थपिएको छ र सोही उपनियममा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

७७. मूल नियमावलीको नियम १६८ मा संशोधन : मूल नियमावलीको नियम १६८ को,-

(१) उपनियम (१) मा रहेका "६ (छ) कोष" भन्ने शब्दहरुको सट्टा "चार कोस" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) काठमाडौं उपत्यकाका नगरपालिका क्षेत्रभित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका कर्मचारीले उपत्यका बाहिरबाट आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएको नगरपालिका क्षेत्रभित्र काजमा आउँदा दैनिक भत्ता पाउने छैनन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर उपत्यकाको नगर क्षेत्रबाट बाहिर सार्वजनिक यातायात चल्ने ठाउँमा भ्रमण वा काजमा खटाउँदा यस नियमावली बमोजिम भ्रमण भत्ता दिन बाधा पर्ने छैन र सार्वजनिक यातायात चल्ने ठाउँबाट चार कोस भन्दा बढी पैदल हिंड्नु पर्ने भए यस नियमावली बमोजिम दैनिक भत्ता समेत पाउनेछ।"

७८. मूल नियमावलीको नियम १७१ मा संशोधन : मूल नियमावलीको नियम १७१ को,-

(१) उपनियम (२) को सट्टा "देहायको उपनियम (२) राखिएको छ:-

"(२) उपनियम (१) बमोजिम प्राप्त फाँटवाँरीमा कार्यालयले जाँचबुझ गरी नियम अनुसार पाउनु पर्ने रकम एकिन गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा वा भुक्तानीको लागि माग गर्नु पर्नेछ। यसरी निकासा माग गर्दा देहायका कार्यविधि अपनाउनु पर्नेछ :-

(क) सरुवा बढुवा भै जाँदा वा आउँदा नियम १६६ को खण्ड (क) र (ख) मा उल्लिखित कर्मचारी र निजको परिवारलाई हवाई टिकट बापत लाग्ने भाडा र यस नियमावली बमोजिम पाउने दैनिक भत्ता, बीमा खर्च र सम्बन्धित कर्मचारीलाई मालसामानको अतिरिक्त तौल महसूल र फुटकर खर्च बापतको रकम दिइनेछ।

(ख) खण्ड (क) बमोजिम हवाई टिकट ( उडान कर समेत) र मालसामानको अतिरिक्त तौल बापत २० के.जी.सम्मको महसूल, बीमा खर्च बापतको रकम र फुटकर खर्च बापत एक हजार रुपैयाँ दिइनेछ। यसरी फुटकर खर्च दिइसकेपछि ट्याक्सी, रिक्सा, मालसामान ढुवानी भाडा बापत हुने दाबी गर्न पाइने छैन।

(ग) सरुवा बढुवा भै जाँदा आउँदा नियम १६६ को खण्ड (ग) र (घ) मा उल्लिखित कर्मचारी र निजको परिवारलाई बस, मिनिबसको टिकट बापत लाग्ने भाडा र यस नियमावली बमोजिम पाउने दैनिक भत्ता, बीमा खर्च र सम्बन्धित कर्मचारीलाई मालसामानको अतिरिक्त तौल महसूल र फुटकर खर्च बापतको रकम दिइनेछ। अतिरिक्त तौल बापत एक जनाको बस भाडा बराबरको रकमसम्म दिइनेछ।

(घ) खण्ड (ग) बमोजिम बस, मिनिबसको भाडा र मालसामानको अतिरिक्त तौल महसूल, बस भाडा र बीमा खर्च बापतको रकम फुटकर खर्च बापत एक हजार रुपैयाँ दिइनेछ। यसरी फुटकर खर्च दिइसकेपछि ट्याक्सी, रिक्सा, मालसामान ढुवानी भाडा बापत छुट्टै दाबी गर्न पाइने छैन।

(ङ) सडक तथा हवाई यातायातको सुविधा भएका जिल्ला बाहेक अन्य जिल्लाहरुमा सरुवा बढुवा भई जाने वा त्यस्तै जिल्लाहरुबाट सडक र हवाई यातायातको सुविधा भएका जिल्लाहरुसम्म आउँदा कर्मचारी र निजको परिवारले पाउने दैनिक तथा भ्रमण भत्ताको रकम निकासा वा भुक्तानीको लागि रकम माग गर्दा त्यस्ता कर्मचारीले यस नियमावली बमोजिम पाउने अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्चहरु र प्रतिदिन चार कोसका दरले पैदल भ्रमण गर्दा हुने दैनिक तथा भ्रमण भत्ताको रकम र भरिया खर्च बापत प्रति दिन दुई सय रुपैयाँका दरले भरिया खर्च निकासा माग गर्नु पर्नेछ । यसरी पैदल भ्रमण गर्दा भरिया खर्च दाबी गरे पछि फुटकर खर्च बापतको रकम दाबी गर्न पाइने छैन ।

तर गन्तव्यसम्म पुग्न पैदल र सवारी साधन दुबै प्रयोग गर्नुपर्ने अवस्था भएमा भरिया खर्च र फुटकर खर्च समेत पाउनेछ ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (३क.) थपिएको छ :-

"(३क.) उपनियम (३) बमोजिम अर्थ मन्त्रालयबाट बजेट उप शीर्षक नतोकिएको अवस्थामा भ्रमण बीलको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा एकिन गर्न पठाई एकिन भै आए बमोजिम कार्यालयको बजेट खर्च शीर्षकबाट खर्च लेख्नु पर्नेछ ।"

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) यस नियमको प्रयोजनको लागि कर्मचारीको सगोलमा रहेका बाबु, आमा, पति वा पत्नी र अठार वर्ष मुनिका दुई जना सन्तान लैजान लाग्ने खर्च कार्यालय प्रमुखको सिफारिसको आधारमा एकिन गरी दिइनेछ । महिला कर्मचारीको हकमा आमा, बाबु वा सासु, ससुरालाई लैजान लाग्ने खर्च दिइनेछ ।

तर शारीरिक रुपमा अशक्त र अपाङ्ग सन्तानको हकमा यो नियम अनुसारको उमेरको हद लाग्ने छैन ।"

(४) उपनियम (६) झिकिएको छ ।

(५) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ :

"(७) मुलुक भित्र वा बाहिर हवाईजहाज, पानी जहाज, रेल, बस, मिनिबस आदि साधनद्वारा भ्रमण गर्दा कर्मचारीले खटिएको ठाउँमा जाँदा र सो ठाउँबाट फर्कि आउँदा भ्रमण वा काज अवधिभर सात लाख पचास हजार रुपैयाँको बीमा गराउनका लागि लाग्ने खर्च पाउनेछ ।"

(६) उपनियम (१२) पछि देहायका उपनियम (१३) र (१४) थपिएका छन् :-

"(१३) हवाई यातायातबाट यात्रा गर्दा कम खर्चिलो हुने भएमा अधिकार प्राप्त अधिकारीले जुनसुकै तहको कर्मचारीलाई पनि हवाई यातायातको साधन प्रयोग गर्ने आदेश दिन सक्नेछ । यसरी आदेश दिंदा कुन स्थानबाट कुन स्थानसम्म हवाई यातायातको साधन प्रयोग गर्ने हो स्पष्ट रुपमा तोकिदिनु पर्नेछ ।

(१४) कर्मचारीको परिवारको सदस्यले यस नियम बमोजिम कर्मचारीले पाउने सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७९. मूल नियमावलीको नियम १७४ मा संशोधन : मूल नियमावलीको नियम १७४ को सट्टा देहायको नियम १७४ राखिएको छ :-

"१७४. काज भत्ता नपाउने : काज खटिएको कार्यालय देखि चार कोस भित्र आफ्नो वा आफ्नो परिवारको नाममा स्थायी घरबास भएको कर्मचारीले त्यस्तो कार्यालयमा काज रहेतापनि यस नियमावली बमोजिम दैनिक भत्ता पाउने छैन ।"

८०. मूल नियमावलीको नियम १७५ मा संशोधन : मूल नियमावलीको नियम १७५ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम १७१ बमोजिम हवाई यातायातको सुविधा लिने कर्मचारीले हवाई टिकट पेश गरेमा मात्र सो वापतको रकम भुक्तानी दिइने छ । तत्काल हवाई टिकट पेश गर्न नसक्ने कर्मचारीले हवाई यातायातको सुविधा लिएमा आफू हाजिर हुने कार्यालयमा हवाई टिकट पेश गरी सो वापतको रकम भुक्तानी माग गर्न सक्नेछ । भुक्तानी माग गर्दा साविक कार्यालयबाट लिएको दैनिक भ्रमण भत्ता बीलको प्रमाणित कागज संलग्न गर्नु पर्नेछ । यसरी हवाई यातायतको टिकट प्राप्त भएमा साविकको भ्रमण साधनबाट भ्रमण गर्दा भुक्तानी भएको रकम र हवाई जहाज प्रयोगबाट हुन आउने रकम एकिन गरी नपुग हुने रकम मात्र सात दिनभित्र कार्यालयले सम्बन्धित कर्मचारीलाई भुक्तानी दिनु पर्नेछ । भुक्तानी दिन बजेट रकम नभएमा आगामी आर्थिक वर्षको लागि दायित्व सारी पहिलो प्राथमिकताका साथ भुक्तानी दिनु पर्नेछ ।"

८१. मूल नियमावलीको नियम १७९ मा संशोधन : मूल नियमावलीको नियम १७९ को,-

(१) उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सेमिनार" भन्ने शब्द झिकिएको छ ।

(२) उपनियम (४) पछि देहायको उपनियम (४क.) थपिएको छ :-

"(४क.) सरकारी कार्यालय वा संस्थाले आफ्नै स्रोतबाट खर्च ब्यहोर्ने गरी सेमिनार, तालीम वा अध्ययनमा खटाइएकोमा त्यसरी खटाउँदा अनुसूची- २१ मा उल्लिखित दरभन्दा निजले पाउने रकम कम हुने भएमा त्यसरी कम भए जति रकम निजलाई श्री ५ को सरकारले भुक्तानी दिनेछ ।"

८२. मूल नियमावलीको नियम १८७ मा संशोधन : मूल नियमावलीको नियम १८७ को,-

(१) उपनियम (१) र (२) झिकिएका छन् ।

(२) उपनियम (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) कानून अधिकृत वा कानून अधिकृत नभएको कार्यालय भए सम्बन्धित जिल्लाको सरकारी वकिल - सदस्य"

(३) उपनियम (४) मा रहेका "(१), (२) र" भन्ने अङ्क र शब्द झिकिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (५) मा रहेको "सो" भन्ने शब्द पछि "समितिले कार्य सम्पन्न गर्नु पर्ने अवधि र " भन्ने शब्दहरु थपिएका छन् ।

८३. मूल नियमावलीको नियम १८८ मा संशोधन : मूल नियमावलीको नियम १८८ को,-

(१) उपनियम (१) को,-

(क) शुरुमा रहेका "मन्त्रालय स्तरको" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (कं) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) बोलपत्र मूल्यांङ्कन गर्दा अपनाउनु पर्ने प्राविधिक र आर्थिक आधार आर्थिक वर्ष शुरु भएको तीस दिन भित्र निर्धारण गर्ने,"

(ग) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ :-

"(ज) नियम ५८ को उपनियम (३) र नियम ५९ को खण्ड (ग) बमोजिम खरिद व्यवस्था अवलम्बन गर्ने ।"

(२) उपनियम (२) र (३) झिकिएका छन् ।

८४. मूल नियमावलीको नियम १८९ मा संशोधन : मूल नियमावलीको नियम १८९ को,-

(१) उपनियम (२) मा रहेका "फाईदा नहुने " भन्ने शब्दहरु पछि "वा लिलाम बिक्री समेत हुन नसक्ने" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (३) मा रहेको "कार्यालय प्रमुखले आफू सहित सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि र सम्बन्धित विशेषज्ञ एक जना समेत भएको समिति गठन गरी सो समितिबाट" भन्ने वाक्यांशको सट्टा " नियम १०४ को उपनियम (३) बमोजिमको समितिले" भन्ने वाक्यांश राखिएको छ ।

८५. मूल नियमावलीमा नियम १९९क. थप : मूल नियमावलीको नियम १९९ पछि देहायको नियम १९९क. थपिएको छ :-

"१९९क. दैनिक कार्य सञ्चालनका लागि सेवा लिन सकिने : (१) कार्यालयको सुरक्षा, चिठ्ठीपत्र ओसारपसार, सरसफाई, यातायातको साधन, मेशीनरी, टेलिफोन, विद्युत, धाराको सञ्चालन तथा रेखदेख, पशु स्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैंचाको संभार र रेखदेख सम्बन्धी कार्य, सर्वेक्षण, डिजाइन, ग्राफिक तथा दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने अन्य सेवाहरु अधिकार प्राप्त अधिकारीले उपयुक्त देखेमा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट त्यस्तो सेवा प्राप्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सेवा प्राप्त गर्दा नियम ५८ मा उल्लेख भए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिमको सेवा प्राप्त गर्ने सम्बन्धमा श्री ५ को सरकारले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ।"

८६. मूल नियमावलीको नियम २०० मा संशोधन: मूल नियमावलीको नियम २०० को सट्टा देहायको नियम २०० राखिएको छ:-

"२००. निर्देशिका बनाउन सक्ने: (१) यस नियमावलीमा व्यवस्था भएका कुनै कुरा स्पष्ट गरी आवश्यक निर्देशिका बनाउनु पर्ने देखिएमा महालेखा नियन्त्रक कार्यालयले निर्देशिका बनाई श्री ५ को सरकारको स्वीकृति लिई लागू गर्न सक्नेछ।

(२) श्री ५ को सरकारले बहुवर्षिय आयोजना सञ्चालनका लागि छुट्टै निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(३) महालेखा नियन्त्रक कार्यालयले ऋृण लगानी सम्बन्धी कारोबारको लेखालाई व्यवस्थित गर्न छुट्टै निर्देशिका बनाई लागू गर्न सक्नेछ।"

८७. अनुसूचीमा संशोधन: मूल नियमावलीको अनुसूचीहरुका,-

(१) अनुसूची-७ पछि यसैसाथ संलग्न अनुसूची ७क., ७ख. र ७ग. थपिएका छन्।

(२) अनुसूची-८ को सट्टा यसैसाथ संलग्न अनुसूची-८ राखिएको छ।

८८. रुपान्तर : मूल नियमावलीको ठाउँ ठाउँमा रहेको "दरभाउपत्र" भन्ने शब्दको सट्टा "सिलबन्दी दरभाउपत्र" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

अनुसूची - ७क.
(नियम ५४ को उपनियम (३) सँग सम्बन्धित)

श्री ५ को सरकार
... ... ... ... ... ... ... मन्त्रालय/विभाग/कार्यालय
घर जग्गाको लगत किताब

| क.सं. | विवरण | | प्राप्त भएको श्रोत | | घर जग्गाको लगत | | घर | कित्ता | क्षेत्रफल | | | चारकिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरको किसिम | जग्गाको किसिम | मिति | निर्माण | मूल्य | जग्गा धनीको नाम र प्रमाणपत्र नं. | जग्गा रहेको स्थान | नं. | घरको | जग्गाको | जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२८

अनुसूची - ७ख.
(नियम ६३ को उपनियम (२) सँग सम्बन्धित)
निर्माण कार्यको लागत इष्टिमेट निकाल्ने तरिका

| आइटम | एकाई | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|
| आइटम (१) | | (च) | (ट) | (च) X (ट) |
| आइटम (२) | | (छ) | (ठ) | (छ) X (ठ) |
| आइटम (३) | | (ज) | (ड) | (ज) X (ड) |
| इत्यादि | | | | |

जोड = (त) = (चXट+छXठ +जXड +...................................)
वर्क चार्ट स्टाफ खर्च - (त) को २.५ प्रतिशतले = ०.०२५X(त)
सनातिना अन्य खर्च - (त) को २.५ प्रतिशतले = ०.०२५X(त)
जम्मा लगत इष्टिमेट अङ्क = १.०५ X (त)

नोट : बोलपत्रको अङ्कलाई तुलना गर्दा लगत इष्टिमेटको अङ्क (त) लाई मानिनु पर्छ ।

आईटमको जम्मा (कूल) दररेट निकाल्ने तरिका

श्रमिकहरुको खर्च ........................................................ (क)
निर्माण सामग्रीको खर्च ................................................ (ख)
यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित) .................. (ग)

---

वास्तविक दररेट (क+ख+ग) = (घ)
ठेकेदारको ओभरहेड (घ को १५ प्र.श.) - ०.१५ X (घ)

---

जम्मा दररेट (ङ) = १.१५ x (घ)

नोट : उपरोक्त अनुसार लागत अनुमान तयार गरिसकेपछि जम्मा लागत इष्टिमेटमा मूल्य अभिवृद्धि कर रकम थप गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ७ग.
(नियम ९७ को उपनियम (५) सँग सम्बन्धित)
राशनको लागत अनुमान विवरण

| क्र.सं. | खाद्यान्नको विवरण | इकाई | परिमाण | गत आ.व. को स्वीकृत दर | ने.रा.बै.को मूल्य सूची | स्थानीय बजार दर | सम्बन्धित कृषि उपजको मूल्य निर्धारण गर्ने सरकारी निकायको दर | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

दस्तखत
प्रमुख जिल्ला अधिकारी
जिप्रका. ......................
मिति :

स्वीकृत गर्ने
क्षेत्रीय प्रशासकको दस्तखत
क्षेत्रीय प्रशासन कार्यालय ......................
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
२६७

अनुसूची- ८
(नियम ९८ को उपनियम (७) र (८) सँग सम्बन्धित)
श्री ५ को सरकार
.................................... मन्त्रालय
.................................... विभाग/कार्यालय
राशन ठेक्का सम्बन्धी तुलनात्मक तालिका

जिल्ला स्थान

| सि.नं. | खाद्यान्नको विवरण | इकाई | आवश्यक परिमाण | गत वर्षको ठेक्का दर | स्वीकृत लागत अनुमान दर | यस वर्षको ठेक्का | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | २ | | ३ | | | | |
| | | | | | | दर | कूल रकम | दर | कूल रकम | दर | कूल रकम | दर | कूल रकम | |
| | | | | | | | | | | | | | | |

आज्ञाले,
**डा. विमलप्रसाद कोइराला**
**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### सैनिक प्रहरी सम्बन्धी नियमावली,२०५८

सैनिक ऐन,२०१६ को दफा ९६ को प्रयोजनको लागि सोही ऐनको दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "सैनिक प्रहरी सम्बन्धी नियमावली,२०५८" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सैनिक ऐन,२०१६ सम्झनु पर्छ ।

(ख) "प्रभोष्ट मार्शल" भन्नाले नियम ३ को उपनियम (१) बमोजिम नियुक्त शाही नेपाली जङ्गी अड्डा अन्तर्गतको केन्द्रीय सैनिक प्रहरी गुल्मको पति सम्झनु पर्छ ।

(ग) "सैनिक प्रहरी" भन्नाले प्रभोष्ट मार्शलको मातहतमा रही काम गर्ने सैनिक अधिकृत देखि जवानसम्म सम्झनु पर्छ र यो शब्दले प्रभोष्ट मार्शल समेतलाई जनाउँनेछ ।

३. **प्रभोष्ट मार्शल:** (१) प्रधान सेनापतिले शाही नेपाली जङ्गी अड्डा अन्तर्गत रहेको केन्द्रीय सैनिक प्रहरी गुल्मको पतिको रुपमा प्रभोष्ट मार्शलको नियुक्ति गर्न सक्नेछ ।

(२) प्रभोष्ट मार्शलले कार्यरथी विभागको विभागीय प्रमुखको नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ ।

४. **सैनिक प्रहरीको पदपूर्ति:** (१) शाही नेपाली जङ्गी अड्डा अन्तर्गतको केन्द्रीय सैनिक प्रहरी गुल्मको सैनिक प्रहरीको दरबन्दीमा पदपूर्ति गर्दा अन्य युनिटबाट सरुवा गरी पदपूर्ति गरिनेछ ।

(२) उपनियम (२) बमोजिम सरुवा गरी पदपूर्ति गरिने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) एस. एल. सी. वा आर्मी फष्ट क्लास पास,

(ख) उचाईको हकमा ५ फिट ५ इन्च ।

५. **सैनिक सवारी साधन र चालक उपर नियन्त्रण गर्न सक्ने:** (१) सैनिक सवारी चालकले देहायको कार्य गरेको पाईएमा सैनिक प्रहरीले सैनिक सवारी साधन उपर नियन्त्रण गर्न सक्नेछ :-

(क) सवारी चालक अनुमतिपत्र वा आफ्नो परिचयपत्र नलिई सवारी साधन चलाएमा,

(ख) मादक पदार्थ वा लागू पदार्थ सेवन गरी सवारी साधन चलाएमा,

(ग) सवारी नियम विपरीत सवारी साधन चलाएमा,

(घ) अनाधिकार व्यक्तिले सवारी साधन चलाएमा,

(ङ) सवारी साधनमा गैर कानूनी र सेनाले निषेध गरेको चीजवस्तु राखेमा,

(च) यान्त्रिक गडबडी भएको सवारी साधन चलाएमा,

(छ) तोकिएको स्थान भन्दा अन्यत्र र दिइएको निर्देशन विपरीत सवारी साधन चलाएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि सैनिक प्रहरीले कुनै पनि सैनिक सवारी साधन रोकी चालकसँग आवश्यक कुरा सोधपुछ गर्न वा त्यस्तो सवारी साधन जाँच गर्न र प्रचलित कानून बमोजिम खानतलासी लिन सक्नेछ ।

६. सवारी दुर्घटना नियन्त्रण गर्ने: (१) सैनिक प्रहरीले सवारी दुर्घटना रोकथाम गर्न मुख्य मुख्य बाटो, नाका वा चोकमा अस्थायी चेक पोष्ट खडा गर्न वा मोवाइल वा पैदल गस्ती गर्न सक्नेछ ।

(२) सैनिक सवारी साधनको दुर्घटना भएको सूचना प्राप्त भएमा यथासक्य चाँडो दुर्घटना स्थलमा पुगी सैनिक प्रहरीले अनुसूची-१ बमोजिमको ढाँचामा प्रारम्भिक ट्राफिक दुर्घटना प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रारम्भिक दुर्घटना प्रतिवेदनको आधारमा सैनिक प्रहरीले अनुसूची-२ बमोजिमको ढाँचामा अन्तिम ट्राफिक दुर्घटना प्रतिवेदन तयार गर्नेछ र सो प्रतिवेदन कार्यरथी विभाग (प्राड विवाक) समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा कार्यरथी विभागका विभागीय प्रमुखले दोषी देखिएको सैनिक सवारी चालक उपर प्रचलित कानून बमोजिम कारवाही गर्न वा गराउन सक्नेछ ।

७. अनुशासन कायम गर्ने सम्बन्धी व्यवस्था: (१) शाही नेपाली सेनामा अनुशासन कायम गराउन सैनिक प्रहरीले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) शाही नेपाली सेनाका व्यक्तिको संलग्नतामा अवैध कार्य हुने सम्भावित स्थानहरु पत्ता लगाई त्यस्ता स्थानमा पैदल र मोवाइल गस्तीद्वारा अवैध कार्य नियन्त्रण गर्ने,

(ख) शाही नेपाली सेनाका शङ्कास्पद व्यक्तिहरु उपर आवश्यक निगरानी राख्ने,

(ग) व्यारेक बाहिर सैनिक व्यक्तिहरुको घण्टे आउट, बिदाको प्रमाणपत्र, परिचयपत्र, टर्न आउट जाँच गर्ने,

(घ) सैनिक इलाकाभित्र आवत जावत गर्ने सवारी साधन, व्यक्ति वा सामानको जाँच गर्ने,

(ङ) सैनिक ऐन नियमको उलङ्घन गर्ने, अनुशासनहिन कार्य गर्ने, शाही नेपाली सेनाको छविमाथि नराम्रो असर पार्ने वा सेनाको गोपनीयता भङ्ग गर्ने जस्ता कार्य गर्ने सैनिक व्यक्तिलाई कार्यरथी विभागको विभागीय प्रमुखको आदेशले पक्राउ गर्ने,

(च) शाही नेपाली सेनाका व्यक्तिद्वारा लागू औषध बेचबिखन, सैनिक हातहतियार वा सामानको बेचबिखन सेनाको गोप्य खबर तथा कागजपत्र हिनामिना तथा प्रचलित कानून विपरीत काम कारवाही भए गरेको शङ्का लागेमा प्रचलित कानून बमोजिम खानतलासी लिने र कब्जा गर्ने ।

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिम पक्राउ गर्दा पक्राउ पर्ने शाही नेपाली सेनाका व्यक्तिलाई पक्राउ गर्नु परेको कारण सहितको सूचना दिनु पर्नेछ । यसरी पक्राउ गरिएको शाही नेपाली सेनाका व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबीस घण्टा भित्र कार्यरथी विभाग (प्राड विवाक ) मार्फत कार्यरथी समक्ष उपस्थित गराउनु पर्नेछ र कुनै पनि शाही नेपाली सेनाका व्यक्तिलाई सो कार्यरथीको आदेशले बाहेक सो अवधि भन्दा बढी थुनामा राखिने छैन ।

(३) उपनियम (१) को खण्ड (ङ) र उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपराध गरेको वा अपराध गर्न लागेको अवस्थामा कार्यरथी विभागका विभागीय प्रमुखले सेनाका सकल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दर्जालाई, सैनिक प्रहरी अधिकृतले आफू भन्दा माथिको अधिकृतसम्मलाई, पदिक सैनिक प्रहरीले प्रमुख सुवेदारसम्मलाई र अन्य दर्जाका सैनिक प्रहरीले गण स्टाफसम्मका सैनिक व्यक्तिलाई पक्राउ गर्न सक्नेछन् ।

८. समारोह वा कार्यक्रम स्थलको सुरक्षा र व्यवस्था गर्नेः (१) शाही नेपाली सेनाले आयोजना गरेको समारोह वा कार्यक्रम स्थलको सुरक्षा र व्यवस्था गर्न सैनिक प्रहरीले देहायको कार्य गर्न सक्नेछ :-

(क) समारोह वा कार्यक्रम स्थलमा आउने सवारी साधनको पार्किङ्गको व्यवस्था गर्ने र ट्राफिक नियन्त्रण गर्ने,

(ख) समारोह वा कार्यक्रम स्थलमा आउने व्यक्तिहरुको लागि मर्यादाक्रम अनुसार बस्ने व्यवस्था मिलाउने,

(ग) समारोह वा कार्यक्रम स्थलमा आउने व्यक्तिहरुको परिचयपत्र र प्रवेश पास जाँच गर्ने,

(घ) समारोह वा कार्यक्रम स्थल वरिपरि असम्बन्धित व्यक्तिको आवत जावत नियन्त्रण गर्ने,

(ङ) अति विशिष्ट र विशिष्ट व्यक्तिको समारोह वा कार्यक्रम स्थलमा आगमन र प्रस्थान हुँदा सुरक्षाको आवश्यक व्यवस्था गर्ने ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शाही नेपाली सेनाले आयोजना गरेको समारोह बाहेक अन्य सरकारी समारोह वा कार्यक्रम स्थलको सुरक्षाको लागि अनुरोध भएमा सैनिक प्रहरीले आवश्यक सुरक्षा र व्यवस्था गर्नेछ ।

९. प्रवेश पासको व्यवस्था गर्नेःशाही नेपाली सेनाले आयोजना गरेको समारोह वा कार्यक्रम स्थलमा प्रवेश गर्न वा शाही नेपाली जङ्गी अड्डाभित्र प्रवेश गर्न सैनिक वा गैर सैनिक व्यक्तिलाई प्रवेश पासको व्यवस्था सैनिक प्रहरीले गर्नेछ ।

१०. सजाय तामेल गर्नेः सैनिक अदालत वा ऐनको दफा ६९ बमोजिम अख्तियार प्रयोग गर्ने कुनै अधिकृतले दिएको सजाय सैनिक प्रहरीले प्रचलित कानून बमोजिम तामेल गर्नेछ ।

११. अभियुक्तको सुरक्षा गर्नेः ऐन बमोजिम कुनै अभियोग लागेको अभियुक्तलाई हिरासतमा राख्दा अदालतमा उपस्थित गराउँदा वा एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्दा वा कारागारमा लैजाँदा सैनिक प्रहरीले आवश्यक सुरक्षा प्रदान गर्नेछ ।

१२. हिरासतमा राखिएको व्यक्ति जिम्मा लिनेः ऐन बमोजिम कुनै कसूर बापत हिरासतमा राखिएको व्यक्तिको जिम्मा सैनिक प्रहरीले लिनेछ ।

१३. सैनिक प्रहरीले आवश्यक सोधपुछ गर्न सक्ने : सैनिक प्रहरीले ऐन वा यस नियममावली बमोजिम सुव्यवस्था र अनुशासन कायम राख्ने प्रयोजनको लागि सम्बन्धित व्यक्तिसँग आवश्यक सोधपुछ गर्न र सो सम्बन्धमा जाँचबुझ गरी आवश्यक कारवाहीको लागि सम्बन्धित अधिकृत समक्ष लेखी पठाउन सक्नेछ ।

१४. गैर सैनिक व्यक्तिलाई पक्राउ गरी जिम्मा लगाउनेः कुनै गैर सैनिक व्यक्ति सैनिक अधिकार क्षेत्रभित्रको इलाकाभित्र घुसेको, तोडफोड गरेको वा त्यस्तो व्यक्तिले कुनै गैर कानूनी क्रियाकलाप गरेको वा गर्न लागेको शङ्का लागेमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी प्रहरी प्रशासनलाई जिम्मा लगाउन सक्नेछ ।

१५. बचाउः यस नियममा लेखिए जति कुरामा यसै नियम बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १
( नियम ६ को उपनियम (२) सँग सम्बन्धित )

श्री केन्द्रीय सैनिक प्रहरी गुल्म
शाही नेपाली जङ्गी अड्डा ।

## प्रारम्भिक ट्राफिक दुघर्टना प्रतिवेदन

के.सै.प्र.गुल्म घटना दर्ता नं................

दुर्घटना मिति । समय ................................ गैह्र सैनिक समावेश छ/छैन
स्थान:– ..................................

दुर्घटनामा समावेश गाडी:–

| गाडी नं. | बनावट किसिम रंग | मालिक/ सवारी धनी/ कसलाई हस्तान्तरण गरेका | यात्रु संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

चालक:–

| गाडी नं. | दर्जा नाम थर | आई.डी.कार्ड नं. लाइसेन्स नं. | युनिट कार्यालय ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

घाइते :–

सैनिक: छैन । साधारण । गम्भीर । मृत्यु
अन्य: छैन । साधारण । गम्भीर । मृत्यु

क्षति:–

सैनिक: छैन । साधारण । धेरै
अन्य: छैन । साधारण । धेरै

दुर्घटनाको बयान: (कसरी भयो ?) ........................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................

सै.प्र.अनुसन्धानकर्ता/सहायक सै.प्र. ........................................................
सिभिल पुलिस अनुसन्धानकर्ता ..............................................................
अन्तिम प्रतिवेदन तयार गर्ने मिति ..........................................................



३६४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## दुर्घटना स्थलको खाका

दुर्घटनाको मिति र समय ................................... स्थान ................................

खाका तयार पार्नेको नं. .................. दर्जा ............... नाम थर ......................

(विना स्केल)

सङ्केत:

१. ..................................

२. ..................................

३. ..................................

खाका तयार पार्नेको दस्तखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## चालक दुर्घटना प्रतिवेदन

के.सै. प्र.गुल्म घटना दर्ता नं. ..............

दुर्घटना भएको मिति .............. समय .............. गाडी नं. .......... र स्थान ..............
खुल्ला सडक । दोबाटो । चौबाटो । निर्माणाधिन सडक । घनाबस्ती भएको स्थान ....................
चालक ............... आई.डी.नं. । ना.प्र.पत्र नं. । लाईसेन्स नं. .............. यात्रु ............
ड्युटीको समय । ड्युटी नभएको समय, यात्रा गर्नुको उदेश्य ......................................
मौसमी अवस्था .................................... सडकको अवस्था ..................................
अर्को गाडी नं. ................ बनावट ............................ किसिम ..............................
चालक ......................................... ठेगाना ..................................................
बिमा संस्थान ..................................................................................................
सम्पत्ति नोक्सानी (गाडीको बाहेक) ....................................................................
घाइते बिरामीहरूको नाम । उमेर । ठेगाना । संख्या ....................................................
..........................................................................................................

सै.प्र. अनुसन्धान अधिकृत । पदिकको नाम ..............................................................
प्रहरी अधिकृत । अन्य दर्जाको नाम .............................. नं ..........थाना चौकी ............
विस्तृत बयान (स्थिति, अवस्था, स्पीड, देखभाल, घाईते संख्या, डाक्टरको नाम अस्पताल, साक्षीहरू, यात्रुहरू, नोक्सानीको क्षतिपूर्ति ड्राइभरले दुर्घटना भइसकेपछि गरेको सम्पूर्ण विवरण तथा कृयाकलाप। त्यसमा चालकले घटना र दुर्घटनाको बारेमा जिम्मेवारी भई नजिकको युनिट वा के.सै.प्र. गुल्म कार्यालयमा खबर गर्नु पर्नेछ ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................

..............................
चालकको दस्तखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## साक्षी प्रतिवेदन फाराम

के.सै.प्र. गुल्मको घटना दर्ता नं. ....................

बयान दिनेको,–

| | | | |
|---|---|---|---|
| नाम थर .............................. | दर्जा ......... | नियुक्त ................. | ना.प्र.प.नं. ........ |
| कार्यालय ........................... | जन्म मिति ................. | युनिट ठेगाना .......... | |

साक्षीको बयान ठीक छ भनी प्रमाणित गर्नेको -

| | | |
|---|---|---|
| नामथर .......................................... | दर्जा .................. | नियुक्ती ...................... |
| आई डि.नं । ना.प्र.प.नं ........................ | कार्यालय ................ | युनिट ⁄ ठेगाना ................ |
| आरम्भ गरेको मिति ⁄ समय ............................ | समाप्त भएको मिति ⁄ समय .............. | |

साक्षीको बयान:

.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................

बयान लिने सै.प्र. को दस्तखत: ............................ बयान दिने साक्षीको दस्तखत: ........... ......

..................................
बयान सही लेखेको प्रमाणित
गर्नेको दस्तखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसुची - २

(नियम ६ को उप नियम (३) सँग सम्बन्धित)

श्री केन्द्रीय सैनिक प्रहरी गुल्म
शाही नेपाली जङ्गी अड्डा ।

## अन्तिम ट्राफिक दुर्घटना प्रतिवेदन

प्रारम्भिक दुर्घटना प्रतिवेदन पठाएको मिति: ..........

१. दुर्घटना भएको मिति/समय ..........
२. सै.प्र. लाई दुर्घटना रिपोर्ट प्राप्त भएको मिति/ समय ..........
३. सै.प्र. वा सिभिल पुलिस पुगेको मिति/समय ..........
४. स्थान (वर्णन गर्ने) ..........
..........
..........
५. पैदल यात्री समावेश छ/ छैन ..........
..........
६. घाईते बिरामीको विस्तृत विवरण ..........
..........
..........

७. समावेश भएका गाडीहरु

| रजिष्ट्रेशन नम्बर | बनावट/किसिम | आर्मी/सिभिल |
|---|---|---|
| | | |
| | | |
| | | |

| लाईसेन्स नम्बर | सवारी धनी | यात्रु संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

८. चालक

| गाडी नं | दर्जा/नाम | आई.डी कार्ड नं/लाईसेन्स नं. | युनिट कार्यालय ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

९. क) आर्मी चालक अन।अफ डयुटी ख) आर्मी चालक लाईसेन्स नं ..........
ग) चालकको अनुमति पत्रको किसिम: पूर्ण चालक । परीक्षणकाल । अस्थाई । अनुमति नभएको

१०. यात्रा गर्नुको उद्देश्य .......... .......... ..........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. (क) दुर्घटनाको किसिम:

१. अगाडि ठोकिएको
३. बायाँ किनारा बाट आफनो गाडीको दायाँ तर्फ ठोकिएको
५. दायाँ किनाराबाट आफनो गाडीहरु दायाँ तर्फ ठोकिएको
७. पछाडिबाट अरु गाडीले दायाँ तर्फ हिर्काएको
९. अगाडिको गाडीलाई पछाडिबाट हिर्काएको
११. व्याक गर्दा अन्य गाडीलाई हिर्काएको
१३. अन्य गाडी व्याक गर्दा लागेको
१५ अगाडि बढ्दा स्थिर वस्तुमा हिर्काएको
१७. अगाडि बढ्दा पार्क गरेको गाडिमा हिर्काएको
१९. व्याक गर्दा स्थिर वस्तुमा हिर्काएको
२१. व्यक गर्दा पार्क गाडीमा हिर्काएको
२३. पार्क गर्दा अन्य गाडीमा हिर्काएको

२. बढी लोड गरेको
४ आगलागी
६ माथिबाट खसेको वस्तुमा हिर्काउँदा
८. साईकल यात्रीलाई हिर्काएको
१०. पैदल यात्रीलाई हिर्काएको
१२. जनावरलाई हिर्काएको
१४. पछाडिको टेलरलाई हिर्काएको
१६. टेलरको भारी उठाउने यन्त्रमा हिर्काएको
१८. अर्को गाडीबाट बाहिर निस्केको भारीमा ठक्कर
२०. आफनो गाडीको बाहिर निस्केको भारीमा ठक्कर
२२. उछिन्दा (ओभर टेकिंग)
२४. अन्य अवस्थाहरु

(ख) अन्य अवस्थाहरु: ..................................................

(ग) दुर्घटना स्थल:

| | | | |
|---|---|---|---|
| क) सडकको विवरण<br>१. सिधा<br>२. घुमाउरो<br>३. टि. जक्सन<br>४. वाई जक्सन<br>५. जक्सन<br>६. क्रस रोड<br>७. सांघुरो सडक<br>८. समथल क्रस<br>९. उकालो ओरालो<br>१०. पुल | ख) सडकको सतह<br>१. वास्तविक<br>२. रफ<br>३. चिल्लो<br>४. ढुङ्गा छापेको<br>५. काठ छापेको<br>६. माटोले छापिएको (ग्राभेलिङ्ग) | ग) मौसम<br>१. सफा<br>२. कुइरो तथा तुवालो<br>३. पानी र असिना<br>४. हिउ र वा तुपारो<br>५. धुवां तथा धुलो<br>६. कडा हावा | घ) सडकको सतहको अवस्था<br>१. सुख्खा<br>२. भिजेको<br>३. आईस<br>४. हिलो<br>५. बालुवा<br>६. चिल्लो (तेलयुक्त) |
| ङ) सडकमा प्रकाशको स्तर<br>१. उज्यालो<br>२. बत्ती नबलेको<br>३. धमिलो<br>४. बत्ती नभएको | च) ट्राफिक<br>१. थिएन<br>२. केही<br>३. अलि बढी<br>४. बाक्लो | छ) गाडीको त्रुटी<br>१. छैन<br>२.ब्रेकहरु<br>३. स्टेरिङ्ग<br>४. टायरहरु<br>५. बत्तीहरु<br>६. सङ्केत साधन<br>७. एक भन्दा बढी<br>८. अन्य | ज) सडकको किसिम<br>१. एकोहोरो<br>२. दोहोरो<br>३. दोहोरो क्रस<br>४. गाडी चल्ने सडक<br>५. शाखा सडक<br>६. अन्य |
| झ) पैदल यात्रीको गतिविधि<br>१. छैन<br>२. बाटो काट्दै<br>३. बीच बाटोमा हिंड्दै<br>४. बाटोको छेउमा हिंड्दै<br>५. फुटपाथमा हिंड्दै<br>६. बाटोमा खेली रहेको<br>७. अन्य | ञ) सङ्केत<br>१. बत्तीको सङ्केत<br>२. रोकिने सङ्केत<br>३. रोकी हेरी जानु<br>४. बाटो दि सङ्केत<br>५. जेब्रा क्रसि<br>६. केन्द्र रेखा<br>७. अन्य सङ्केत | ट) देखभाल<br>१. पच्चिस मिटरसम्म<br>२. पचास मिटरसम्म<br>३. पचहत्तर मिटरसम्म<br>४. सय मिटरसम्म<br>५. सय मिटरभन्द माथि | ठ) यात्रुको गतिविधि<br>१. छैन<br>२. चढ्दै गरेको<br>३. ओर्लदै गरेको<br>४. खसेको<br>५. अन्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. दुर्घटना हुँदा चालकको अवस्था:
१. शारीरिक अवस्था ..................................................................................................
२. दुर्घटना हुनु अघि कति समय गाडी चलाएको थियो ......................................................
३. सीट बेल्ट गाडीमा थियो । थिएन, बाधिएको थियो । थिएन ..........................................
४. मादक पदार्थ सेवन गरेको । नगरेको । ..............................................................

१३. दुर्घटना हुनु अघि गाडीको पोजिशन र कसरी दुर्घटना भयो (स्पीड, स्कीड, ब्रेक, मार्कस् आदि)
..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

१४. यात्रु र अन्य साक्षीहरु:

| दर्जा/नाम/नियुक्ति | परिचय पत्र नं./लाईसेन्स नं. | युनिट/ कार्यालय/ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |

१५. सिभिल गाडी समावेश भएमा बीमा छ । छैन । पोलिसी नं. ...............................
बीमा विभागको नाम र ठेगाना ..................................................................
बीमाको किसिम ........................................................................................

१६. घाईते बिरामीको विस्तृत विवरण (अस्पतालको रेफर कागजात सहित) .........................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

१७. सवारी साधनको क्षति (नं. १७ बाहिनीको प्रतिनिधिको अनुसार)
क) आर्मी सवारी साधन (नं. १७ बाहिनीको प्रतिनिधिको अनुसार) ...........................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

ख) सिभिल सवारी साधन(नं. १७ बाहिनीको प्रतिनिधिको अनुसार)
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

प्रतिनिधिको दस्तखत
नाम :
दर्जा :
युनिट :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२६७

१८. सै.प्र. अनुसन्धानकर्ताको राय:..........................................................................
..........................................................................
..........................................................................
..........................................................................
..........................................................................

१९. सिभिल प्रहरी समावेश छ । छैन
दर्जा: नामथर:
प्रहरी कार्यालय:..........................
दस्तखत:

२०. प्रतिवेदन तयार गर्नेको:
दर्जा: ............ नामथर: ..........................
युनिट: ..........................
दस्तखत: ..........................
मिति: ..........................

२१. प्रतिवेदन जाच गर्नेको:
दर्जा: ............ नामथर: ..........................
युनिट: ..........................
दस्तखत: ..........................
मिति: ..........................

२२. गुल्मपति श्री के.सै.प्र. गुल्मको राय:..........................................................................
..........................................................................
..........................................................................
..........................................................................

२३. संलग्न
क) दुर्घटना दृश्यको खाका ।
ख)
ग)

२४. कार्यरथीको राय: ..........................................................................
..........................................................................
..........................................................................
..........................................................................

२५. प्रबन्धरथीको राय :..........................................................................
..........................................................................
..........................................................................
..........................................................................
..........................................................................
..........................................................................
..........................................................................

**आज्ञाले,**
**पदमकुमार आचार्य**
**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
262

श्री ५ को सरकार

# भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाईघाट-दिक्तेल सडक (सगरमाथा राजमार्ग) को कदमाहु-गाईघाट खण्डको त्रिजुगानगरपालिका बेउरीबजारको २१+२५० देखि २२+२५० सम्मको बिल्ट अप एरिया (Built up area) को १ किलोमिटर क्षेत्रमा सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवै तर्फ २५।२५ मिटरको सट्टा १५।१५ मिटर सडक सीमा कायम गरिएको छ ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।